का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १७, अंक ३०९
❒ १५ माघ २०७६,बुधबार
❒ 29 January 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## संसद सम्बोधन

# एमसीसीमा एकमत

**संसदीय गरिमालाई उच्च बनाउने प्रतिबद्धता जनाएका नवनिर्वाचित सभामुख अग्निप्रसाद सापकोटालाई सत्तारूढ नेताहरूले बधाई दिएका छन् भने विपक्षी दलका नेताहरूले समन्वय गरेर अगाडि बढ्न सुझाव दिएका छन् । अमेरिकन परियोजना एमसीसीबारे भने नेताहरू एकमत देखिएका छन् ।**



**‘सात प्रधानमन्त्रीको अवधि पार गर्दै आएको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) छिटो पारित गर्नुपर्नेछ । थुप्रै कानूनहरु निर्माण गर्नुपर्नेछ ।’**

**-केपी शर्मा ओली,**
**प्रधानमन्त्री**



**‘यति ठूलो सहयोग नेपालमा आउनेवाला छ । अमेरिकाले दिने सहयोग नेपालले किन नलिने ? तत्कालसंसद्बाट अनुमोदन गर्नुपर्छ ।’**

**-शेरबहादुर देउवा,**
**सभापति, नेपाली काांग्रेस**



**थरिथरिका शुभकामना**

**समाजको चरित्र मेलमिलापयुक्त तरिकाले बढेकाले संसद् पनि त्यही रूपमा अघि बढ्ने विश्वास छः प्रधानमन्त्री ओली**

**सभामुख तटस्थ र निष्पक्ष पद हो । संसद् विपक्षीको हो भन्ने कुरा ध्यान दिन आग्रह गर्छुः सभापति देउवा**

**सभामुख सापकोटाले कुशल व्यक्तिका रूपमा भूमिका निर्वाह गर्नेमा विश्वास व्यक्त गर्छुः पूर्वप्रधानमन्त्री भट्टराई**

**नवनिर्वाचित सभामुख सापकोटालाई पार्टीका तर्फबाट पूर्ण समर्थन हुनेछः नेता यादव**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ माघ

नवनिर्वाचित सभामुख अग्निप्रसाद सापकोटाले पहिलो पटक मंगलबार प्रतिनिधिसभा बैठकको अध्यक्षता गरेका छन् । बलात्कार प्रयासको गम्भीर आरोप सँगै कृष्णबहादुर महराले राजीनामा दिए पछि माघ १२ गते सापकोटा सभामुख चयन भएका थिए । सोमबार राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पद तथा गोपनियताको शपथ लिएका सापकोटाले मंगलबार सभाको अध्यक्षता गरेका हुन् ।

सापकोटालाई बधाई दिने क्रममा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी दलका सभापति एवम् संसदीय दलका नेता शेरबहादुर देउवा अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे भने एकमत देखिएका छन् । प्रधानमन्त्री ओलीले सात प्रधानमन्त्रीको अवधि पार गर्दै आएको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) छिटो पारित गर्नुपर्ने बताए । प्रधानमन्त्री ओलीले एमसीसीको विषयमा आगामी बैठकमा विस्तारमा राखिने बताए ।

प्रतिपक्षी काँग्रेसका सभापति देउवाले संयुक्त राज्य अमेरिकाको सहयो एमसिसी विभिन्न चरण पार गर्दै तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाका पालामा नेपालले हस्ताक्षर गरेको बताएका छन् । सभापति देउवाले भने, “यति ठूलो सहयोग नेपालमा आउनेवाला छ । नेपालको विद्युत् भारतमा निर्यात गर्नका लागि अमेरिकाले दिने सहयोग नेपालले किन नलिने ? तत्काल एमसिसी संसद्बाट अनुमोदन गर्नुपर्छ ।”

समाजवादी पार्टी नेपालका नेता बाबुराम भट्टराईले झिनामसिना विषयमा संसद् अलमलिएर राष्ट्रिय मुद्दामा जीवन्त हुन नसकेको बताए । एमसिसीबारे विषयमा अहिले भइरहेको छलफल राष्ट्रिय मुद्दाका रुपमा नभई पार्टीको गुटका आधारमा हुनु गलत रहेको उनको भनाइ थियो ।

**थरिथरि शुभकामना**

नवनिर्वाचित सभामुख सापकोटालाई दलका नेताहरुले थरिथरिका शुभकामना दिएका छन् । प्रधानमन्त्री ओलीले संसद्लाई नियम सम्मत ढङ्गले अघि बढाउन सभामुखलाई सफलता मिल्ने कामना गर्दै सहयोगको प्रतिबद्धता जनाएका छन् । “समाजको चरित्र पनि मेलमिलापयुक्त तरिकाले अघि बढेकाले संसद् पनि त्यही रुपमा अघि बढ्ने विश्वास छ, जनतामा सार्वभौमसत्ता आइसकेकाले जनता सबै कुराका अन्तिम निर्णयकर्ता बनेका छन्, संविधान कार्यान्वयनका लागि संयन्त्रलाई अघि बढाउनुपर्छ, बहुदलीय व्यवस्था, बहुविचार, बहुलता र विविधता हामीले रोजेको व्यवस्था भएकाले त्यसैअनुसार अघि बढ्नुपर्छ”, उनले भने ।

सबै दलले छानेको व्यवस्था केही मतभिन्नता भए पनि आधार भूत कुरामा एकता गरेर अघि जान सकिने प्रधानमन्त्री ओलीले बताए । विगतमा बाटा फरक भए पनि गन्तव्य एउटै हुँदा एक भएर अघि बढे जस्तै अब पनि त्यही बाटोबाट हिँड्नुपर्ने उनको भनाइ थियो । “सङ्घर्षबाट

बाँकी पृष्ठ २ मा

## सापकोटा विरुद्धको मुद्दा

# सर्वोच्चले दिएन अन्तरिम आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ माघ



सर्वोच्च अदालतले सभामुख अग्निप्रसाद सापकोटामाथि लागेको व्यक्ति हत्याको आरोपमा भइरहेको अनुसन्धानको प्रगती ३० दिनभित्र जानकारी गराउन सरकारलाई आदेश दिएको छ । सभामुखमा निर्वाचित हुनुअघि उनलाई रोक्न माग गर्दै दायर भएको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गर्दै ३० दिनभित्र जवाफ दिन सरकारलाई आदेश दिएको हो । सापकोटामाथि द्वन्द्वकालमा व्यक्ति हत्यामा संलग्न भएको आरोप लागेको थियो ।

जिल्ला प्रहरी कार्यालय काभ्रेमा उनीमाथिको किटानी जाहेरी परेको कारणले सभामुख जस्तो संवैधानिक पदमा उनलाई नियुक्त गर्न नहुने मागसहित वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले रिट दायर गरेका थिए । उक्त रिटमा सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । न्यायाधीश सपना प्रधान मल्लको इजलासले नेपालको संविधान र अन्य कुनै पनि कानूनले आरोप लाग्दैमा सार्वजनिक पद धारण गर्न रोक नलगाएको भन्दै सापकोटालाई सभामुखको रुपमा काम गर्न रोक्न अस्वीकार गरेको हो ।

अदाललते सापकोटालाई सभामुखको रुपमा काम गर्न तत्काल नरोके पनि उनलाई सभामुख बनाउनुको कारण भने सरकारलाई सोधको छ । ‘निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार कारण भए सवुद प्रमाणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र पेश गर्नू,’ आदेशमा भनिएको छ ।

यसअघि २०६८ सालमा झलनाथ खनाल नेतृत्वको मन्त्रिपरिषद्मा सूचना तथा सञ्चारमन्त्री नियुक्त हुँदा पनि मानवअधिकारकर्मीले हत्या आरोपी व्यक्तिलाई मन्त्री बनाउन नहुने माग गर्दै रिट दायर गरेका थिए ।

उक्त रिटमा पनि अन्तरिम आदेश नदिएको सन्दर्भ कोट्याउँदै न्यायाधीश मल्लको इजलासले सापकोटालाई सभामुखको रुपमा काम गर्नबाट रोक्न अस्वीकार गरेको हो ।

अदालतले ‘सापकोटामाथि लगाइएको आरोपमा अनुसन्धान र अभियोजन भएपछि अदालतबाट ठहरे बमोजिम हुने नै हुँदा हाल सापकोटा सभामुख

बाँकी पृष्ठ २ मा

# धरहरा कि भ्यूटावर ?

**केशर धामी**
काठमाडौं, १४ माघ



लिफ्टमा चढेरै २२ तल्लामाथि पुगिने । मुनि सुन्दर बगैंचासहित पार्किङ सुविधा । पसल र खाजाघरको व्यवस्था । यो वर्णन हो अब बन्न लागेको धरहराको । यो निर्माणाधीन नयाँ धरहरको विशेषता हो । २०७२ सालको भूकम्पमा धरहरा ढल्दा धेरैले ज्यान गुमाएका थिए । तर, अब कसैले पनि धरहरा ढलेर ज्यान गुमाउनु पर्ने छैन् । त्यसका लागि अत्याधुनिक प्रविधि तथा पिल्लरको प्रयोग गरेर धरहराको निर्माण भइरहेको छ ।

सम्पदा संरक्षणविद्हरूले नयाँ बन्न लागेको धरहरालाई भ्यू टावर भनेका छन् । सम्पदा संरक्षण अभियन्ता गणपतिलाल श्रेष्ठले धरहरा मासेर भ्यू टावर निर्माण गर्न लागिएको बताए । भूकम्पमा ढलेको धरहरा बेवारिस छ । प्रबलिकरण (रेट्रोफिट) गरी काँचको फ्रेममा राख्ने भने पनि धरहरा घाम र पानीको मार सहेरै बसेको छ । ठुटो धरहराको माटो र इँटा फुस्फुसाएर जीर्ण बन्दै छ ।

ठुटो धरहराको संरक्षण गर्नुको साटो सरकार भ्यू टावर ठड्याउन लागेको उनको आरोप छ । प्रधानमन्त्री केपी शर्मा ओलीले ‘मेरो धरहरा म बनाउँछु’ अभियान सुरु गरेपछि धरहरा पुनर्निर्माणका लागि धेरै नेपालीले सहयोग गरे । चार वर्ष अगाडि ‘ऐतिहासिक धरोहर पुनर्निर्माणमा संकल्प’ कार्यक्रम आउँदा सर्वसाधारणले धरहरा बनाउन २४ करोड रकम चन्दा उठाएका थिए । तर, यो कोषलाई सरकारले क्रियाशील बनाएर उपयोग गर्न सकेको छैन ।

धरहरा वरवरको ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदा मासेर धरहरा नभएर २२ तल्ले भ्युटावर बनाइन लागेको उनको भनाइ छ । सरकारले व्यापारिक प्रयोजनका लागि ऐतिहासिक धरहरा क्षेत्रलाई सपिङ कम्लेक्स बनाउन लागेको उनको आरोप छ ।

ऐतिहास धरहरा मासेर भ्यू टावर बनाउनु हुदैन भन्दै आन्दोलन नै गरेका याद्धवलाल कायस्थ धरहराको पुनर्निमाण भनेर विश्वलाई झुक्याएर झिल्के टावर निर्माण भइरहेको बताउँछन् । उनले भने, ‘यहाँ भीमसेन थापाले बनाएको धरहराको पुनर्निर्माण होइन झिल्के टावरको नवनिर्माण भइरहेको छ । धरहरा निर्माणबाटै सरकारले यहाँका सम्पदाहरुलाई प्राथमिक्तामा नराखेको प्रस्ट हुन्छ ।’

सुन्धारास्थित

बाँकी पृष्ठ २ मा

## विभागको सूचना प्रणालीबारे संघ र सामीबीच छलफल

# प्रणाली झनै झन्झटिलो बनेको गुनासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ माघ

वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मार्फत दिइने श्रम स्वीकृतिको प्रभावकारीताका विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र सुरक्षित आप्रवासन परियोजना (सामी)का पदाधिकारीबीच छलफल भएको छ ।

वैदेशिक रोजगार विभागले गत जनवरी १ तारिख देखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) कार्यान्वयनमा ल्याएको छ । स्वीस सरकारको आर्थिक सहयोगमा उक्त प्रणाली निर्माण भएको हो । तर, दक्ष जनशक्तिको अभाव रहेको भन्दै विदेशस्थित केही नेपाली दूतावासहरुले प्रमाणीकरण गरेको डिमाण्ड उक्त प्रणाली मार्फत नपठाउँदा सुधारका लागि प्रयोगमा ल्याएइको प्रणालीले समस्यामा पारेको वैदेशिक रोजगार व्यवसायीहरुको गुनासो छ ।

मंगलबार राजधानीको होटल यल्लो प्यागोडामा भएको छलफलमा व्यवसायीहरुले झेलिरहेका प्राविधिक समस्या र वैदेशिक रोजगार सूचना प्रणालीमा गर्नुपर्ने सुधारबारे जानकारी गराइएको संघका अध्यक्ष विष्णु प्रसाद गैरेले जानकारी दिए । खाडीस्थित नेपाली दूतावासहरुले सहज सेवा नदिएपछि वैदेशिक रोजगार व्यवसायीहरुले प्रमाणीकरण गरिएको डिमाण्ड कुरियर मार्फत् नेपाल ल्याई आफैले डिजिटल हस्ताक्षर गरी प्रणालीमा अपलोड गर्ने गरेका छन् । शुन्य लागतमा कामदार पठाउनुपर्ने कानूनी वाध्यतामा रहेका व्यवसायीहरुले डिजिटल हस्ताक्षरका लागि आफ्नै लगानीमा डिभाईस खरिद गरी प्रयोग गर्नुपर्ने बाध्यतामा रहेका छन् ।

डिजिटल हस्ताक्षरको डिभाईसका लागि प्रत्येक व्यवसायीले शुरुमा ५ हजार ६ सय रुपैयाँ लगानी गर्नुपर्छ । त्यस वापत डिजिटल सर्टिफिकेट र डिभाईस पाइन्छ । प्रयोगकर्ताले प्रत्येक वर्ष ५ हजार रुपैयाँ तिरेर सर्टिफिकेट र डिभाईस नवीकरण गर्नुपर्छ । हाल ८ सय ५४ वैदेशिक रोजगार व्यवसायीहरुले दर्ता गरेका छन् ।

संघका महासचिव सुजिच श्रेष्ठले व्यवसायीहरु सूचना प्रणालीका पक्षमा रहेको तर त्यसको प्रयोगमा सहजता हुनुपर्ने विषयमा जिकिर गरिएको बताए । उनले भने, ‘वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीका विषयमा गम्भीर छलफल भयो, यस विषयमा गरिनुपर्ने सुधारका विषयमा हामी परियोजना र वैदेशिक रोजगार विभागलाई लिखित रुपमै दिने छौं ।’

खाडीस्थित नेपाली दूतावासहरुले दक्ष जनशक्तिको अभाव देखाउँदै तत्काल स्थानीय कर्मचारी प्रयोग गर्न नपाएमा प्रणाली प्रयोगमा सहजता नहुने बताएका छन् । नेपाली कामदारका लागि धेरै डिमाण्ड आउने साउदी अरब, कतार तथा यूएईमा दैनिक २५ देखि ३० वटा डिमाण्ड प्रमाणीकरणका फाईल सदर हुने गरेको छ । एउटा फाईलमा न्यूनतम ६ प्रकारका कागजात हुने भएकाले सबै कागजात स्क्यानिङ गर्न कम्तिमा दुईजना जनशक्ति चाहिने र बिदा लगायतको व्यवस्थापन गर्दा त्यसका लागि कम्तिमा ३ जनाको जनशक्ति चाहिने स्रोतले बतायो ।

वैदेशिक रोजगारीमा जाने कामदारको म्यादी जीवन बीमा गर्ने बीमा कम्पनीले शुरुमा प्रणाली प्रयोगबारे उत्साह नदेखाएपनि गत हप्ता उनीहरुले वैदेशिक रोजगारीमा जाने कामदार हरूले तिर्ने बीमा वापतको रकम विना अतिरिक्त शुल्क अनलाइन भुक्तानी गर्न पाउने व्यवस्था गरेका छन् । भुक्तानी सेवा प्रदान गर्न ई-सेवा, फोनपे र वैदेशिक रोजगार विभागबीच शुक्रबार सम्झौता भएको थियो ।

**वैदेशिक रोजगार विशेष**

## विमानस्थलको श्रम डेस्क हटाइँदै

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित श्रम डेक्स हटाउने भएको छ । अध्यागमन विभाग र वैदेशिक रोजगार विभागको सूचना प्रणालीहरूको एकीकरण सम्पन्न भएको भन्दै विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले अब त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयले श्रम स्वीकृतिको विवरण आफै हेर्न सक्ने भन्दै श्रम डेस्क हटाउने तयारी रहेको बताए ।

विभागको वेबसाईट र एप्सबाट श्रम स्वीकृति विवरण हेर्ने तरीकाका विषयमा एक दुई दिनमै सार्वजनिक गर्ने महानिर्देशक डा. भूसालले बताएका छन् ।

# वीरेन्द्रनगरमा तनाव, ८ जना घाइते

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ माघ



कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर मंगलबार दिनभर तनावग्रस्त बनेको छ । मंगलबार बिहान वीरेन्द्रनगर नगरपालिका-३ गौतमचोक नजिकै टिप्परको ठक्करबाट एक युवकको मृत्यु भएपछि विरोध सुरू भएको थियो । विरोधमाथि प्रहरीले हस्तक्षेप गरेको भन्दै आन्दोलनकारी तोडफोड तथा आगजानी गरेका थिए । भे १ प २१७८ नम्बरको मोटरसाइकलमा सवार कालीकोटका २१ वर्षीय केशरबहादुर सिंहलाई भे १ ख २२४२ नम्बरको टिपरले किचेको थियो । त्यसलगत्तै आफन्तले कर्णाली राजमार्ग बन्द गराएर आन्दोलन सुरु गरेका थिए ।

उचित क्षतिपूर्ति र दोषीलाई कारबाही गर्न माग गर्दै सुरु भएको आन्दोलन टिपर चालकलाई नियन्त्रणमा लिँदासमेत रोकिएन । आन्दोलनलाई नियन्त्रण गर्न प्रहरीले २ राउण्ड हवाइ फायर गरेको छ । प्रहरीको गोली लागेर ८ जना घाइते भएका छन् । तर, सुर्खेत प्रहरी प्रमुख डिल्लीराज पन्तले भने अज्ञात समूहबाट गोली चलेको जनाएका छन् । प्रहरीले गोली नचलाएको उनको दाबी छ ।

प्रशासन र पीडित पक्षबीच सहमति भएर शव उठाउने तयारी भए पनि आन्दोलन नरोकिँदा समस्या उत्पन्न भएको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर खड्काले जानकारी दिए । आन्दोलनकारीले कर्णाली राजमार्ग बन्द गराउनुका साथै त्यस आसपास क्षेत्रमा बजारसमेत बन्द गराएका छन् । साथै आगजनी र तोडफोडमा उत्रिएका छन् ।

आन्दोलन उग्र बनेपछि नियन्त्रणमा लिन प्रहरीले दर्जनौं सेल अश्रुग्याँस र

बाँकी पृष्ठ २ मा

# प्रदेश-२ मा सहमतीय राजनीति अघि बढ्ने संकेत

**गोपालप्रसाद बराल/रासस**
महोत्तरी, १४ माघ




प्रदेशसभा नं २ मा सहमतीय राजनीति अघि बढ्ने सकारात्मक संकेत बढेको छ । सरकार सञ्चालनकै लागि पनि कुनै एक दलको स्पष्ट बहुमत नरहेको प्रदेशसभामा दुईतिहाइ मत चाहिने प्रदेश राजधानी र नामकरणको विषयमा अब आम सहमति बन्ने सकारात्मक संकेत देखिएको हो ।

पाँच महिनाअघि प्रदेशसभा सचिवालयमा दर्ता भएर छलफल नै बढ्न नसकेको प्रदेशको नाम र राजधानीबारे प्रदेशसभाको संसदीय विशेष समितिले नयाँ सहमति बनाउन थालेपछि यहाँ सहमतीय राजनीति अघि बढ्ने सकारात्मक संकेत बढेको छ । समितिले प्रदेशको राजधानी जनकपुरधाम हुने सर्वसम्मत निर्णय प्रदेशसभामा पठाएपछि अब नाममा पनि सहमति हुने आस बढेको हो ।

गत भदौ ५ गते प्रदेशको नाम र राजधानीबारे फरक-फरक प्रस्ताव दर्ता भएपछि त्यसमा सहमति खोज्न प्रदेशसभाका सभामुख सरोजकुमार यादवको संयोजकत्वमा गठित संसदीय विशेष समितिले आइतबार राजधानी जनकपुरधाम रहने प्रस्ताव लान सर्वसम्मत निर्णय गरेको छ । समितिले राजधानीको सीमासमेत तोकेर निर्णय गरेपछि अब प्रदेशसभाले राजधानीबारे सर्वसम्मत निर्णय गर्ने सम्भावना बढेको महोत्तरी-१ 'क' बाट निर्वाचित प्रदेशसभा सदस्य शारदा थापाले बताइन् ।

'अब सहमतीय राजनीति अघि बढ्ने छ,' नेकपाकी नेतृसमेत रहेकी थापाले सञ्चारकर्मीसँगको कुराकानीमा भनिन्, 'सभामुख नेतृत्वको विभिन्न दलका प्रतिनिधिसम्मिलित संसदीय विशेष समितिले सर्वसम्मत निर्णय गरेपछि अब राजधानीको विषय टुंगो लाग्योभन्दा हुन्छ ।' राजधानीजस्तै नाममा पनि समितिले सर्वसम्मत निर्णय लिनसके प्रदेशसभाको ओज र विश्वास बढ्ने थापाको भनाइ छ।

समितिले आइतबार गरेको निर्णयमा राजधानीको सीमा पूर्वपश्चिममा मिथिला माध्यमिकी परिक्रमाभित्र, उत्तरमा मिथिला नगरपालिका र दक्षिणमा धनुषा जिल्लाले छट्याउने नेपाल-भारत सीमा (दशगजा) उल्लेख छ । यो सीमामा महोत्तरीको भूभाग पनि परेको छ । समितिले तोकेको सीमामा महोत्तरीका मटिहानी, जलेश्वर, बलवा, लोहारपट्टी र भङ्गाहा नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिका क्षेत्र परेपछि महोत्तरीवासी पनि उत्साहित भएका छन् ।

सभामुख यादव संयोजकत्वको समितिमा उपसभामुख उपमा देव, प्रदेशसभामा प्रमुख प्रतिपक्षी दल नेकपा संसदीय दलका नेता सत्यनारायण मण्डल, नेपाली काँग्रेस संसदीय दलका नेता रामसरोज यादव, समाजवादी पार्टीका संसदीयदलका प्रमुख सचेतक शैलेन्द्रकुमार यादव, यसै दलका संसदीय दलका उपनेता रामअशिष यादव, राजपा नेपालका प्रमुख सचेतक परमेश्वर साह र नेपाल सङ्घीय समाजवादी पार्टीबाट प्रदेशसभा सदस्य सावित्रीदेबी साह सदस्य छन्। त्यसैगरी यो समितिमा प्रदेशसभा सदस्य रामकुमार यादव, नरेश यादव र रानी शर्मा तिवारी पनि सदस्य रहेका छन् ।

समितिले राजधानीबारे सर्वसम्मत निर्णय गरेपछि अब प्रदेशको नामबारे यसैगरी सहमति खोजिनुपर्ने प्रदेशसभा सदस्यको राय छ । 'राजधानीबारेको समितिको निर्णयले दलहरु दलीय खिचलो मात्र गर्छन् भन्ने आलोचकको भनाइलाई खण्डित गरेको छ,' प्रदेशसभा सदस्य तथा नेपाली काँग्रेसकी नेतृ मञ्जु यादवल भनिन्, 'नामबारे यस्तै सहमति खोजेर प्रदेशसभा सहमति र जनचासोका सवालको सम्बोधन गर्ने थलो हो भन्ने दृष्टान्त पनि दिन सक्नुपर्छ ।' नामबारे सहमति खोजिँदा भूगोल, भाषा, सांस्कृतिक वैभव, प्रागऐतिहासिक परिवेश र रितिथितिको सम्बोधन गरिनुपर्ने यादवको सुझाव छ ।

गत भदौ ५ गते प्रदेशसभा सचिवालयमा नाम र राजधानीबारे दर्ता भएका प्रस्तावले दलहरुका आ-आफ्ना अडान भन्ने सन्देश दिएको भए पनि समितिले राजधानीबारे सुझबुझसाथ निर्णय गरेको प्रदेशसभा सभामुख सरोजकुमार यादवको भनाइ छ। 'हामीले क्रमशः सहमति पहिल्याउँदै जाने बाटो अपनाएका छौं,' उनले सञ्चारकर्मीसँग भने, 'राजधानीबारे टुंग्यायौं, अब प्रदेशको नामबारे सहमति खोज्न जुट्छौं ।'

गत भदौ ५ गते प्रदेशमा सत्तासाझेदार समाजवादी पार्टी र राजपा नेपालले नाम र राजधानीबारे संयुक्त प्रस्ताव दर्ता गरेका थिए । जसमा प्रदेशको नाम 'मधेश' र राजधानी बृहत जनकपुर क्षेत्र समेटिएको जनकपुरधाम हुने प्रस्ताव गरिएको थियो । यसैभित्र सत्तासाझेदार दल (समाजवादी पार्टी र राजपा नेपाल)का सात प्रदेशसभा सदस्यले राजधानीको हकमा वीरगञ्ज हुनुपर्ने फरक प्रस्ताव पेश गरेका थिए । त्यसैगरी नेपाली काँग्रेसले नाम 'मिथिला-भोजपुरा' र राजधानी अहिलेको जनकपुरधाम उपमहानगरपालिका क्षेत्र हुनुपर्ने प्रस्ताव दर्ता गराएको थियो। काँग्रेसका पनि चार प्रदेशसभा सदस्यले भने प्रदेशको नाम 'मध्यमधेश' र राजधानी वीरगञ्ज हुनुपर्ने फरक प्रस्ताव दर्ता गराएका थिए । यता प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले प्रदेशको नाम 'जानकी' र राजधानी समग्र धनुषा जिल्ला समेटिनेगरी जनकपुरधाम हुनुपर्ने प्रस्ताव दर्ता गराएको थियो ।

नाम र राजधानीबारे यी फरक-फरक प्रस्ताव दर्ता भएपछि सरकार गठनका लागि मात्र पनि कुनै एक दलको स्पष्ट बहुमत नहुँदा यसबारे निर्णय गर्न चाहिने दुईतिहाई बहुमत नजुट्ने आम अड्कलबाजी थियो । तर, यिनै प्रस्तावमा सहमति खोज्न गठन गरिएको संसदीय विशेष समितिले राजधानीबारे सहमति जुटाएपछि अब प्रदेशको नाममा पनि सहमति हुने आस बढाएको प्रदेशको राजनीतिक वृत्तमा नयाँ विश्वास बढाएको छ ।

'हो, दर्ता भएका प्रस्तावले यी राजनीतिक दलले सहमति गर्ने हैनन्, खिचलो बढ्यो भन्ने आम बुझाइ बनेको थियो,' नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य तथा महोत्तरी इन्चार्ज राजु खड्काले भने, 'तर राजनीति सम्भावनाको क्षेत्र हो, आवश्यकताका आधारमा दलहरुबीच असम्भव ठानिएका सहमति पनि हुन्छन् भन्ने दृष्टान्त राजधानीबारेको सहमतिले दिएको छ ।' अब प्रदेशको नाममा खुलाखुलस्त छलफल बढाउँदै समितिले सहमति खोज्न केन्द्रित हुनुपर्ने खड्काको थप सुझाव छ ।

प्रदेशमा राजधानीबारे अब आसलाग्दो निर्णय अघि बढेपछि आमरुपमा सकारात्मक प्रतिक्रिया बढेका छन् । अब प्रदेशसभामा राजनीतिक दलका प्रतिनिधित्व सङ्ख्यालाई गनेर नभई जनचासोका विषयमा आम सहमतिको खोजी गरिनुपर्ने राजनीतिक विश्लेषकले बताएका छन्। 'राजधानीबारे बनेको सहमतिले हाम्रा दल सहमतीय राजनीति अघि बढाउन समर्थ छन् भन्ने सन्देश प्रवाहित भएको छ,' राजनीतिशास्त्रका ज्ञाता महोत्तरीको भङ्गाहा-३ का स्थायी बासिन्दा डा देवराज दाहालले भने, 'यस्ता सहमतिले लोकतान्त्रिक पद्धतिबारे जनतामा विश्वास दह्रो बनाउन मद्दत गर्छ, प्रदेशको नाम र राजधानीबारे मात्र नभई आम जनचासोका विषयमा दलहरुले यस्तो सुझबुझ देखाउनु पर्छ ।'

जम्मा १०७ सदस्यीय प्रदेशसभामा सबैभन्दा ठूलो दल नेकपाका ३२, नेपाली काँग्रेसका १९ र संघीय समाजवादी पार्टीका एक सदस्य छन् । त्यसैगरी प्रदेश सरकारमा सत्तासाझेदार समाजवादी पार्टीका ३० र अर्को सत्तासाझेदार दल राजपा नेपालका २५ सदस्य छन् ।

## संसद...

पनि अन्तिममा हामी सहमतिमा पुग्छौं, सात सालमा आन्दोलन सम्झौतामा पुगियो, सबै एकताबद्ध हुँदा सहमतिका साथ देश अघि बढी सफल भएको इतिहास छ, एकताबद्ध नहुँदा प्रतिगामी तत्व सफल भएकाले अब हामीले बेलैमा ध्यान दिनुपर्छ, एकताबद्ध रुपमा अघि बढ्न अनुभवले शिक्षा दिएको छ", उनले भने ।

प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाले संसद् चलाउन सभामुखले विपक्षी दललाई विश्वासमा लिनुपर्ने बताए । प्रतिनिधिसभाको बैठकमा नवनिर्वाचित सभामुख अग्निप्रसाद सापकोटालाई बधाई दिँदै उनले भने, "सभामुख तटस्थ र निष्पक्ष पद हो । संसद् विपक्षीको हो भन्ने कुरा ध्यान दिन आग्रह गर्छु । सत्तापक्षले संसद्मा ल्याउने कानूनका बारेमा आलोचना गर्ने काम प्रतिपक्षको हो ।"

समाजवादी पार्टीका नेता एवं पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले संसद् सञ्चालनमा सभामुख सापकोटाले कुशल व्यक्तिका रुपमा भूमिका निर्वाह गर्नेमा विश्वास व्यक्त गरे। "प्रतिनिधिसभा लोकतन्त्रको शक्तिशाली अङ्ग हो, हामी सबैले जनप्रतिनिधिसभालाई उच्च स्थानमा राख्ने गरेको भए पनि राज्यका तीन अङ्गको स्थान उदारवादी लोकतन्त्रले आफ्नो उदारता भुल्दै गएको छ, समाजवादी लोकतन्त्रले पनि लोकतन्त्रका कतिपय विषय छाड्दै गयो", उनले भने ।

राष्ट्रिय जनता पार्टी (राजपा) का नेता महेन्द्रराय यादवले सरकार जिम्मेवार हुन नसकेको, जनताको जीवनयापन कठिन भएको र राजनीतिक स्थिरताको आवश्यकता रहेकामा सरकारमात्र स्थिर भएको बताए । नवनिर्वाचित सभामुख सापकोटालाई पार्टीका तर्फबाट पूर्ण समर्थन हुने उनको भनाइ थियो । सांसद रशेम चौधरीलगायत जेलमा रहेका १६ जनाभन्दा बढी नेताको शीघ्र रिहाइको माग पनि उनले माग गरे ।

राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेलले नवनिर्वाचित सभामुख सापकोटालाई बधाई दिँदै सबैलाई साथ लिएर तटस्थ रही पदको मर्यादालाई पालन गर्न सफल हुनुहुने विश्वास व्यक्त गरिने। नेपाल मजदूर किसान पार्टी (नेमकिपा) का सांसद प्रेम सुवालले सभामुख सापकोटाले संसद्लाई जनताप्रति र सरकारलाई सदनप्रति जवाफदेही बनाउन तटस्थ एवं निष्पक्ष भूमिका निर्वाह गर्ने अपेक्षा गरे ।

## सापकोटा....

पदमा निर्वाचित भै शपथ लिइ पदभार ग्रहण गरिसकेको अवस्थामा निजलाई सभामुखको पदमा कार्य नगर्नू नगराउनू भनी अन्तरिम आदेश जारी गर्नुपर्ने देखिएन' आदेशमा भनेको छ ।

सापकोटामाथि काभ्रेका अर्जुनबहादुर लामाको हत्यामा संलग्न भएको आरोप लागेको छ । २०६२ वैशाखमा माओवादी कार्यकर्ताको अपहरणमा परेका लामाको शव दुई महिनापछि भेटिएको थियो । २०६४ सालमा लामाकी पत्नी पूर्णिमायाले जाहेरी दिने प्रयास गरे पनि प्रहरीले दर्ता गर्न अस्वीकार गरेको थियो । त्यसपछि सर्वोच्च अदालत गएकी उनको रिटमा सुनवाई गर्दै सर्वोच्च अदालतले जाहेरी दर्ता गर्न र घटनाको गम्भीर अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएको थियो । साथै हरेक १५-१५ दिनमा अनुसन्धानबारे अदालतलाई जानकारी गराउन भनिएको थियो।

मल्लको आजको इजलासले पनि त्यसरी अनुसन्धान गर्न अदालतले दिएको आदेशको कार्यान्वयन के कसरी भइरहेको छ भनेर सोधेको छ । 'एउटा महिला आफ्नो पतिलाई कर्तव्य गरी २०६२ सालमा मारिएको र न्यायको लागि २०७६ सालसम्म भौंतारिएको अवस्थामा किटानी जाहेरीमा आरोपित व्यक्ति नै व्यस्थापिका संसदको शिर्ष नेतृत्व पदमा पदासिन हुन पुग्दा न्यायको पहुँचमा अवरोधको अनुभूतिको प्रश्न उठाउनु स्वाभाविक देखिन्छ,' आदेशमा भनिएको छ, 'कर्तव्य ज्यान मुद्दाको हालको अवस्था र पहिलेको आदेशको कार्यान्वयनको स्थिति के छ ३० दिनभित्र अदालतलाई जानकारी गराउनू ।'

सापकोटा मन्त्री तथा सभामुखजस्तो पदमा नियुक्त हुँदा जिल्ला प्रहरी कार्यालय काभ्रेको अनुसन्धान प्रभावित हुनसक्ने भन्दै रिट दायरकर्ताका तर्फबाट बहस गर्ने वकीलहरूले प्रश्न उठाएका थिए । यसमा सर्वोच्च अदाललते सापकोटाबाट कुनै पनि प्रकारको अनुचित प्रभाव हुन्छ भन्ने इजलासले अपेक्षा नगरेको बताएको छ । 'आफू माथिको नैतिक जिम्मेवारी, आस्था र विश्वासमासमेत प्रश्न आएको सन्दर्भमा व्यवस्थापिका संसदको सभामुख तथा संवैधानिक परिषदको सदस्य जस्तो जिम्मेवार नेतृत्वदायी पदमा नियुक्त भएको व्यक्ति आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्दा आउन सक्ने स्वार्थको द्वन्द्वमा स्वयंको विवेकबाट निर्देशित हुने कुरा नै अपेक्षा गरिन्छ,'आदेशमा भनिएको छ ।

## धरहरा...

गोश्वारा हुलाक, टक्सार विभाग, सञ्चय कोषलगायतका भवन भत्काएर भ्यू टावर (सिमेन्टको धरहरा) साढे ४२ रोपनीमा फैलिनेछ । ऐतिहासिक संरचना भत्काएर बन्ने भ्यू टावर हेर्दा मात्र राम्रो देखिने तर महत्व बुझ्नेलाई भने पीडा हुने सम्पदाविज्ञहरू बताउँछन् । सार्वजनिक सम्पत्तिमा बन्ने भ्युटावरमा सर्वसाधारणले शुल्क नतिरि प्रवेश गर्न पाउँदैनन् । संस्कृतिविद् तेजेश्वरबाबु ग्वङले विदेशीहरू हाम्रा मौलिक सम्पदा हेर्न नेपाल आउने गरेको तर, भ्यू टावर देखाएर ठग्ने काम हुने बताउँछन् ।

धरहरा निर्माण गर्न पुनर्निर्माण प्राधिकरणले ३ अर्ब ४८ करोडमा निर्माण कम्पनी रमन कन्स्ट्रक्सनसँग सम्झौता गरेको छ । अब ८ महिनामा निर्माण सकिनेछ । ३३ प्रतिशतभन्दा बढी काम सकिएको र २०२० को अक्टोबरमा निर्माण सम्पन्न हुने निर्माण कम्पनी रमन कन्स्ट्रक्सनले जनाएको छ । ७२ मिटर अग्लो बन्न लागेको भ्यू टावर भूकम्प जस्तो प्राकृतिक विपत्ति फेरि आएमा धेरैको ज्यान लिन सक्ने र(२ सय ३४ फिट) अग्लो हुनेछ । सोसाइटी अफ नेपलिज आर्किटेक्ट (सोना) की सभापति अन्जु मल्ल प्रधान बताउँछिन् । भ्युटावर बनेपछि धरहराको मौलिकतासमेत मासिएको उनको आरोप छ ।

## वीरेन्द्रनगरमा...

हवाइ फायर गरेको छ । केही आन्दोलनकारी घाइते भएका छन् । आन्दोलन मत्थर नभएपछि स्थानीय प्रशासनले मंगलबार साँझ साढे ६ बजेदेखि लागू हुने गरी बुधबार विहान ६ बजेसम्मका लागि कर्फ्यु जारी गरेको छ । आन्दोलनमा घुसपैठ भएकोले उग्र बनेको सहायक प्रमुख जिल्ला अधिकारी खड्काको भनाइ छ ।

पूर्वतर्फको इत्राम, उत्तरतर्फको कपासे व्यारेक र पश्चिमको बाङ्गेसिमलसम्म कर्फ्यु जारी गरिएको प्रशासनले जनाएको छ । आन्दोलनबाट थप क्षति हुन नदिन कर्फ्यु जारी गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# सीमा नाकामा निगरानी बढाउँदै सशस्त्र

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, १४ माघ



कपिलवस्तु जिल्लाको कृष्ण नगरपालिका अन्तर्गत सशस्त्र प्रहरी बल कृष्णनगर ३९ नं. का गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक सुशील कुमार शाहीले कृष्णनगर सीमा नाकाको निरीक्षण गरेका छन् । नायब उपरीक्षक शाही आफैं कृष्णनगर सीमा नाकामा पुगेर त्यहाँको स्थितिबारे जानकारी लिएका हुन् ।

नायब उपरीक्षक शाहीले कृष्णनगरको पिलर नं ६८/६९ मा अपराध, तस्करी, चोरी निकासी बढ्दै गएको पाइएपछि अपराध नियन्त्रण गर्ने सम्बन्धमा निरीक्षण गरेका हुन् । उनले पिलरको रेख देख गर्दै थप सशस्त्र प्रहरी राखेर निगरानी बढाउने भन्दै कृष्णनगर सीमा नाकामा थप सशस्त्र जवान थपेका छन् ।

नायब उपरीक्षक शाहीले कृष्णनगरको दाशगजा क्षेत्रको निरीक्षण गर्दै सो क्षेत्रका नाकाहरुमा चेक जाँचमा कुनै कसर बाँकी नराख्न सशस्त्र प्रहरी जवानहरुलाई निर्देशन समेत दिएका छन् । आपराधिक गतिविधि नियन्त्रण गरी कृष्णनगर भन्सारमा राजस्व बढाउन भन्सार कार्यालयको सहयोग गर्ने समेत उनले प्रतिबद्धता जनाए ।

# फाटेको मन सिलाउने अस्पताल बन्दै सामुदायिक मेलमिलाप केन्द्र

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, १४ माघ



दोलखाको मेलमिलाप केन्द्र स्थानीय जनताको फाटेको मन सिलाउने अभियानमा सक्रिय छ । समुदायमा दीगो शान्ति स्थापना भएको दीगो विकासका लागि उन्नत सम्बन्ध भन्ने मूल नाराका साथ सामुदायिक मेलमिलाप सम्बन्धि १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

दोलखाको उत्तरी बिगु गाउँपालिकाका ८ वटा वडाहरुबाट प्रतिनिधित्व हुने गरी मेलमिलाप केन्द्रका संयोजक तथा प्रतिनिधि सदस्य, स्थानीय सरकार, न्यायीक समिति, प्रहरी र सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा गाउँपालिका स्तरिय अन्तरक्रिया तथा अनुभव आदनप्रदान कार्यक्रम सम्पन्न भएको प्राकृतिक श्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालकी जिल्ला सहजकर्ता लक्ष्मी थापाले जानकारी दिइन् ।

कार्यक्रममा बोल्दै बिगु गाउँपालिका वडा नं. ३ बुलुङका सामुदायिक मेलमिलापकर्ता रामशरण खड्काले गाउँमा फाटेको मन सिलाउने एउटा विश्वासीलो माध्यम मेलमिलाप केन्द्र बनेको भन्दै उनले आफ्नो वडामा यहि आर्थिक वर्षमा ७ भन्दा बढी विवादको समाधान गरिएको बताए ।

त्यसैगरी खोपचागुका मेलमिलापकर्ता केशान्ती बुढाथोकीले गाउँमा सामान्य झगडा, भनाभन, सामाजिक अन्धविश्वास, कुरिती, कुसंस्कार सम्बन्धी र घरायसी झै-झगडालाई दुबै पक्षको जित हुने र कोही हार्नु नपर्ने भएको कारण मेलमिलाप स्थानीय जनताको सहारा बनेको धारणा व्यक्त गरिन् ।

कार्यक्रममा बिगु गाउँपालिका वडा नं. ५ चिलङ्खाका मेलमिलापकर्ता कुमार लामिछानेले मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुले स्वयंसेवकको भूमिका निर्वाह गरिरहेको भन्दै कुनै विवाद मिलाउन ४/५ दिन समय लाग्ने भएको हुँदा मेलमिलाप केन्द्रलाई स्थानीय सरकारले आफ्नो माताहतमा लिई सरकारी सेवा सुविधा समेत उपलब्ध गराउनुपर्ने जिकिर गरे ।

यता बिगु गाउँपालिकाका प्रमुख युधिस्ठिर खड्काले भने सामुदायिक मेलमिलाप केन्द्रले शान्ति स्थापना गर्न खेलेको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्दै गाउँपालिकाको तर्फबाट आफुहरुले गर्ने सहयोग, सल्लाह, सुझाव निरन्तर गरिरहने प्रतिबद्धता व्यक्त गरे ।

बिगु गाउँपालिकाकी कानूनी सहजकर्ता बसुना ओलिको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्राकृतिक श्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालका कार्यक्रम संयोजक बलराम सापकोटा, जिल्ला सहजकर्ता सहदेभ थापा लागाएतले मन्तव्य राखेका थिए । कार्यक्रममा संयोजक लक्ष्मी थापाले बिगु गाउँपालिकामा चालू आर्थिक वर्षको साउनबाट यता माघ सम्म आउँदा ६० भन्दा बढी विवाद समाधान भएको जानकारी दिइन् ।

कार्यक्रम रुपान्तरण केन्द्रको आयोजना, बिगु गाउँपालिकाको समन्वय तथा द एसिया फाउन्डेशनको सहयोगमा सम्पन्न भएको सहजकर्ता थापाले मध्यान्हलाई जानकारी दिइन् । सामुदायिक मेलमिलाप कार्यक्रम दोलखाको ९ स्थानीय तहको ७४ वटै वडामा न्यायसँग सम्बन्धित संचालन गरिएको कार्यक्रम हो भने जिल्लाभर तालिम प्राप्त ६०० भन्दा मा बढी मेलमिलापकर्ताहरु रहेको जिल्ला कार्यक्रम संयोजक सापकोटाले जानकारी दिए ।

# 'निर्माण व्यवसायीको रचनात्मक सहयोग आवश्यक'

**काठमाडौं/मस–** उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलले निर्माण व्यवसायीको रचनात्मक सहयोग विना समृद्ध मुलुक बनाउन नसकिने बताएका छन् । नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधिमण्डलसँग मंगलबार भएको भेटमा उनले व्यवसायीका समस्या समाधान गर्न लाग्ने प्रतिबद्धता जनाए ।

महासंघको २१ औं साधारणसभाको भक्तपुर घोषणा पत्र बुझ्दै उपप्रधानमन्त्री पोखरेलले व्यवसायीका मागका विषयमा मन्त्रिपरिषद्मा छलफल गरिने जानकारी दिए । भेटमा महासंघ प्रतिनिधिमण्डलले व्यवसायीका समस्या समाधानका लागि पहल गरिदिन अनुरोध गरेको छ ।

महासंघ अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलले २१ औं साधारणसभाबाट पारित भएको ३१ बुँदे घोषणा पत्र तथा निर्माण व्यवसायीको वर्तमान समस्याका बारेमा जनाकारी गराएको थियो । घोषणा पत्रमा रहेको सार्वजनिक खरिद ऐन २०६३ को दफा १० (५) लाई संशोधन गरी रु. दुई करोडको सट्टा रु. पाँच करोड सम्मको निर्माण खरिदमा कुनैपनि योग्यता नराखी जुनसुकै निर्माण व्यवसायीले भाग लिन पाउनु पर्ने व्यवस्था गर्न महासंघले माग गरेको छ ।

रु दुई करोडभन्दा माथि रु पाँच करोड सम्मको निर्माणका लागि पाँच वर्ष पुरानो र सम्बन्धित जिल्लाका कम्पनीले मात्र भाग लिन पाउने गरी बढीमा तीन वटा प्याकेजसम्मको निर्माण गर्न मिल्ने व्यवस्थाका लागि पहल गरिदिन आग्रह गरेको थियो । 'विगत ३-४ महिनाको अवधिमा व्यवसायीका करीब रु २० करोड भन्दा बढीको उपकरणमा आगजनी गरिएको छ,' सो को सुरक्षाका लागि सम्बन्धित निकायमा पहल गरिदिन अध्यक्ष सिंहले आग्रह गरे ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०४/३२ मा दर्ता भएको **प्रा.लि. नं. १७३२१९** को **नेपाल सोलार सोलुसन्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/०९/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भूल सुधार**
मिति २०७६/१०/१४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा यूएईमा वैदेशिक रोजगारको अवसर शिर्षक, कम्पनी : delta force security services llc, चलानी नं.: ६०१५०४७६, र LT. No.: 231667 को विज्ञापनमा मासिक तलब AED 2150 को ने.रु. ६६,७३५ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।
D.N. Manpower Pvt. Ltd.
Govt. Lic. No. 1184/073/074
Tokha-5 Basundhara, Kathmandu
Tel: 4364311, 4386411

**मोटरसाइकल हराएको सूचना**
मिति २०७६/०९/२० गते जाल्पाचोक घर कन्पाउनमा पार्किङ गरी राखेको स्थानबाट लु ५४ प ६३०६ नम्बरको २२० पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।
सवारी धनी : नन्द किशोर चौधरी
ठेगना : मलहनमा-९, सप्तरी
च्यासिस नं: MD2A13EY3KCD86199
इन्जीन नं : DKYCKD71006
सम्पर्क : ९८५१०५४३९३

**मोटरसाइकल हराएको सूचना**
मिति २०७६/०९/२५ गते अ. १४:०० बजेको गोकर्णेश्वर न.पा. वडा नं.-०५, स्थित आफ्नै घरमा पार्किङ गरी राखेको स्थानबाट लु ५८ प ८३८१ नम्बरको कालो/रातो कलरको २२० पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।
सवारी धनी : पासाङ नामोल घिसिङ
ठेगना : चौरी देउराली-३, सिन्धुपाल्चोक
च्यासिस नं: MD2A13EY3KCH94415
इन्जीन नं : DKYCH54430
सम्पर्क : ९८१५९५६७४३

**म्यानपावर विक्रि वा पार्टनर चाहियो**
चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर विक्रिमा छ । अथवा पार्टनर बन्न चाहने ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।
**Contact.: 9851166542**

**Malaysia मा रोजगार** | कम्पनी: STS INTISARI SDN BHD
शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७६/१०/१४ चलानी नं.: ६०१५०७२३ LT. No.: 232017

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Service | 30 | 0 | स. काममा दक्ष | 1200 | ३३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २२ गते (5 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ७१८/०६४/०६५
पो.ब.नं.: २१७०६, टोखा रोड, गोंगबु, काठमाडौं, फोन: ४३८५८०२, ४३६५२८८, ४३८९६६८
Mobile Number:- 9864339769, 9818852251, 9823791590
E-mail : aasthamanpower@gmail.com, Web. : aasthaoverseasnepal.com

# ‘प्रहरीले अधिकार दुरूपयोग गऱ्यो’



काठमाडौं/मस- नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सांसद कोमल वलीले नेपाल प्रहरीले अधिकारको दुरुपयोग गरी अनुसन्धानका नाममा गायिका आस्था राउतलाई कारवाही अगाडि बढाएको आरोप लगाएकी छन् ।

राष्ट्रियसभाको मंगलबारको बैठकको विशेष समयमा उनले जिल्ला प्रशासन कार्यालय अर्धन्यायिक निकाय भएको हुँदा अनुसन्धान नै नगरी चार दिन थुन्ने आदेश गर्नु गलत भएको टिप्पणी गरिन् । ‘फौजदारी न्यायको सिद्धान्तले पहिले सुन्ने अनि थुन्ने भन्छ,’ सांसद वलीले भनिन्, ‘गैरकानूनी कार्य गरेको छ कि भन्ने कुरा हेरिनुपर्छ, सामान्य भनाभनको विषय मात्र थियो, बिना अनुसन्धान प्रहरीले आफ्नो अधिकारको दुरुपयोग गरेको छ ।’

प्रमुख जिल्ला अधिकारीले एक वर्ष भन्दा बढी कैद गर्ने अधिकार नभएको बताउँदै वलीले राउतलाई तारेखमा राखेर अनुसन्धान गर्न सकिने भएपनि त्यसो नगरिएको बताइन् । ‘सिडिओले यस्तो सामान्य घटनामा कसरी थुन्ने आदेश दिन सक्छ । उजुरी गर्नासाथ यसरी थुन्ने आदेश दिने हो भने फैजदारी न्यायको मुलमर्म नै नष्ट हुन्छ । पहिले सुन्ने अनि थुन्ने हो । प्रहरीले आफ्नो अधिकारको दुरुपयोग गरेको छ’, वलीले भनिन् ।

त्यस्तै राष्ट्रियसभा सदस्य बलराम बास्कोटाले विदेशबाट आउने तरकारीमा रोकिएको जाँच प्रक्रिया सुरु गर्न सरकारको ध्यानाकर्षण गराए । विषाधियुक्त तरकारी खान बाध्य हुनुपरेको भन्दै उनले विदेशबाट आउने तरकारी रोकिएको जाँच प्रक्रिया सुरु गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् । उनले कृषिको व्यवसायीकरण, बजारीकरण र शहकारीकरण तथा युवाहरुलाई कृषिमा परिचालन गर्ने विषयमा भएको प्रगति जानकारी गराउन पनि कृषि मन्त्रालयको ध्यानाकर्षण गराए ।

राष्ट्रियसभा सदस्य प्रकाश पन्थले चीन लगायत दर्जनौ मुलुकमा फैलिएको कोरोना भाइरसको संक्रमण नेपालमा पनि देखिन सुरु भएकाले पूर्व तयारीका लागि सरकारले काम सुरु गर्नेतर्फ सरकारका ध्यानाकर्षण गराए । नेपालमा अहिलेसम्म २ जनामा यसको संक्रमण देखिएको उल्लेख गर्दै पन्थले चीनमा अध्ययनरत नेपाली विद्यार्थी र विभिन्न पेशा व्यवसायमा संलग्न व्यक्तिहरुलाई सुरक्षित नेपाल फर्काउने कुरामा गम्भिरतापूर्वक लाग्न सरकारलाई आग्रह गरे ।

नेपालमा भ्रमणवर्ष चालिरहेको अवस्थामा विश्व समुदायलाई नेपाल सुरक्षित छ भन्ने विश्वास दिलाउने गरी काम गर्न अग्रह गर्दै उनले कोरोनाको संक्रमण थप फैलिन नदिन प्रभाकारी उपाय अपनाउन पनि आग्रह गरेका छन् । उनले उखु किसानहरुसँग सरकारले सम्झौता गरेपनि अझै सम्म उनीहरुको भूक्तानी दिन नसकेको प्रति पनि सरकारको ध्यानाकर्षण गराएका छन् । सीमा सुरक्षा र विवाद समाधानका विषयमा पनि उनले सरकार गम्भीर हुन नसकेको आरोप लगाए ।

सरकारले आफ्नो कार्यकालमा काम भन्दा पनि काण्डहरु बढी विश्वास गरेको भन्दै ऐन नै बनाएर सरकार भ्रष्टाचारमा लिप्त भएको आरोप समेत लगाए । पन्थले प्रधानमन्त्री केपी शर्मा ओलीलाई व्यंग्य समेत गरे । सदन कराउँदै जान्छ सरकार पिना सुकाउँदै जान्छ भन्ने उखान संशोधन गर्न उनले प्रधानमन्त्रीलाई आग्रह गरे । विश्वविद्यालय र संवैधानिक आयोगहरुमा पदाधिकारी नियुक्त गर्न नसकेको तर्फ पनि उनले सरकारको ध्यानाकर्षण गराए ।

राष्ट्रिय जनता पार्टीका सांसद वृषेशचन्द्र लालले लोकतान्त्रिक संसदीय अभ्यासमा सरकार गम्भीर नभएको र संसद्मा उठेका प्रश्नको उत्तर नदिएको आरोप लगाए । नेकपाका सांसद जीवन बुढाले स्थानीय सरकारसँग विकास गर्ने गुरुयोजना नभएको हुँदा संघीय र प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताए । नेपाली कांग्रेसकी धनकुमारी खतिवडाले वार्षिक रु १० अर्ब कृषि अनुदानका लागि छुट्टयाइएको भएपनि लक्षित साना किसानसम्म पुग्न नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराइन् ।

यसैबीच राष्ट्रियसभाको मंगलबारको बैठकमा तीन विधेयक पेश भएका छन् । बैठकमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री भानुभक्त ढकालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ र भ्रष्टाचार निवारण (पहिलो संशोधन विधेयक), २०७६ तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले बैठकमा योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ पेश गरे ।

बैठकमा विधायन व्यवस्थापन समितिका सभापति पर्शुराम मेघी गुरुङले नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन पेश गरे । बैठकले प्रतिनिधिसभाका पूर्वसदस्य गम्भीरजङग कार्कीको निधनमा प्रस्तुत शोक प्रस्तावलाई सर्वसम्मतिले पारित गरेको थियो । राष्ट्रियसभाका अध्यक्ष गणेश तिमल्सिनाले बैठकमा सो शोकप्रस्ताव प्रस्तुत गरेका थिए । राष्ट्रियसभाको अर्को बैठक यही माघ १९ गते बिहान ११ बजे बस्नेछ ।

# ‘हिताधिकारी सैनिकका टुहुरा बालबालिकालाई नि:शुल्क अध्ययन’



सुर्खेत/मस- नेपाली सेनाले हिताधिकारी सैनिकका टुहुरा बालबालिकाहरुलाई कक्षा १ देखि कक्षा १२ सम्म नि:शुल्क अध्ययन गराउने भएको छ । सुर्खेतमा आयोजित सम्मेलनमा प्रधानसेनापति पूर्णचन्द्र थापाले सैनिक महाविद्यालयहरुमा हिताधिकारी सैनिकका टुहुरा बालबालिकाहरुलाई कक्षा १ देखि १२ सम्म नि:शुल्य अध्ययन गराउने कार्यक्रम अघि बढेको बताए । शिक्षाको पहुँचबाट बञ्चित नहुन भनेर आगामी शैक्षिक शत्रबाट नै लागू हुने गरी हिताधिकारी मध्ये श्रीमान तथा श्रीमति दुबैको मृत्यु भई टुहुरा भएका बालबालिकाहरुका लागि उक्त अवसर प्रदान गरिने उनले जानकारी दिए ।

प्रधानसेनापति थापाले स्वरोजगार कार्यक्रम अन्तर्गत सैनिक श्रीमति संघको पहलमा व्यवसायिक तालिम केन्द्र छाउनीबाट सुरु भएको सीपमुलक कार्यक्रम प्रितना तहसम्म यहि वर्षबाट विस्तार गरिएको बताए ।

नेपाली सेनाले सैनिक दिवसका अवसरमा काठमाडौं उपत्यकाबाट सुपथ मूल्य पसल पनि सञ्चालन गर्ने भएको छ । बजार मूल्य भन्दा १० देखि १९ प्रतिशतसम्म सस्तोमा सामान उपलब्ध गराउने योजना सेनाले लिएको छ । नेपाली सेनाले लमजुङको बेसिसहरमा स्थापना गरेको नेपाली सेना व्यवसायिक कृषि तथा पशुपालन तालिम केन्द्रमा पिजेटिए र भिजेटिएका अतिरिक्त अन्य छोटो अवधिका तालिम सञ्चालन गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रबाट सम्बन्धन प्राप्त गरेको प्रधानसेनापति थापाले जानकारी दिए । नेपाली सेनाले उद्यमशिलता कर्जा कार्यक्रम पनि सुरु गरेको छ । नेपाल इन्भेष्टमेण्ट बैंकसँग सहकार्य गरी सेनाले बढीमा १५ लाखसम्म कर्जा लिन मिल्ने व्यवस्था गरेको हो । भूतपूर्व सैनिकका श्रीमति, एकल महिला तथा अविवाहित छोरीलाई बढीमा ५ वर्षका लागि ३ दशमलव ९८ प्रतिशत ब्याजदरमा १५ लाख रुपैयाँसम्म कर्जा उपलब्ध गराइने प्रधानसेनापति थापाले बताए ।

भूपू सैनिक नन्दबहादुर चन्दले सम्मेलनलाई पुराना सहपाठीहरुसँगको भेटघाट गर्ने थलोका रुपमा लिएका छन् । सैनिक कार्यकारी बोर्डले भूपू सैनिकहरुलाई सहयोग गरेको र सम्मेलनबाट लघुवित्त देखि औषधि उपचारसम्मको सहयोग प्राप्त भएको उनले बताए । चन्दले नेपाली सेनामा २९ वर्ष सेवा गरेका थिए ।

भूपू सैनिकका श्रीमति धनिसरा बारबराईले नयाँ घर बनाउन र व्यवसाय सञ्चालनका लागि ऋण माग्न सम्मेलनमा सहभागि भएको बताइन् । ऋण लिने प्रक्रिया, कति व्याजदरमा ऋण पाइन्छ भन्ने आफुलाई कुनै जानकारी नभएको तर छोराहरुले ऋण माग्न भनेपछि सम्मेलनमा आएको उनले बताइन् ।

प्रधान सेनापति थापाको कार्यकालको पहिलो भूपू सम्मेलन घोराहीबाट सुरु भएको हो । सम्मेलनका क्रममा स्वास्थ्य उपचार सेवा, सहभागिलाई दैनिक भ्रमणभत्ता, लघुवित्त कार्यक्रमका ऋणिहरुलाइ चेक हस्तान्तरण, उत्कृष्ट व्यवसायीलाई पुरस्कार तथा जेष्ठ सैनिक र एकलको सम्मान एवं अशक्तलाई ह्विल चियर प्रदान गरिएको छ ।

## तीन वटा ट्रक एकापसमा ठोक्किँदा ३ जनाको मृत्यु

रुपन्देही/मस- रुपन्देहीको रोहिणी गाउँपालिकामा आज तीन वटा ट्रक एकापसमा ठोक्किँदा तीन जनाको मृत्यु भएको छ भने दुई गम्भीर घाइते भएका छन् । भैरहवा परासी सडकखण्डमा पर्ने रोहिणी गाउँपालिका-४ सिपागढमा भैरहवादेखि परासीतर्फ जाँदै गरेको लु १ ख ६७४५ नम्बरको ट्रक परासीदेखि भैरहवातर्फ आउँदै गरेको ना २ ख ८४८१ र ना ५ ख ७८५६ नम्बरको ट्रक आपसमा ठोक्किँदा ट्रकमा सवार तीन जनाको घटनास्थलमै मृत्यु भएको प्रदेश ट्राफिक प्रहरी कार्यालय बुटवलले जनाएको छ ।

मृत्यु हुनेमा नवलपरासी पाल्हीनन्दन गाउँपीलका-४ बस्ने ३५ वर्षीय लालु कुर्मी, सोही ठाउँकै ३० वर्षीय मोबिकन कुर्मी र सुनसरी चदाराका ३६ वर्षीय पूर्णबहादुर भुजेल रहेको प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रहरी हवल्दार हिमलाल भुसालले जानकारी दिए । दुर्घटनामा नवलपरासी पाल्हीनन्दन गाउँपालिका-४ बस्ने ४७ वर्षीय दुबे हरिजन र सिन्धुली सातामाटा बस्ने २७ वर्षीय मोहन राई गम्भीर घाइते भएका छन् । घाइते दुवैको भैरहवास्थित भीम अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## बैंकिङ कसुरमा कारागार चलान

काठमाडौं/मस- बैंकिङ कसुरका फरार व्यक्तिलाई काठमाडौंबाट पक्राउ गरी मंगलबार कारागार चलान गरिएको छ । उच्च अदालत पाटनको आदेशले जरिवाना र कैद सजाय तोकिए पनि फरार हुँदै आएका काठमाडौं तारकेश्वर नगरपालिका-१ का राजेन्द्र बुढाथोकी मंगलबार कारागार चलान भएका हुन् । उच्च अदालत पाटनको गत असोज २८ गतेको फैसलाले उनलाई १५ दिन कैद र रु पाँच लाख जरिवाना हुने फैसला सुनाएको थियो ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)को टोलीले सोमबार काठमाडौंको गोलढुङ्गाबाट उनलाई पक्राउ गरी मंगलबार काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा अदालतले मंगलबार नै केन्द्रीय कारागार सुन्धारा पठाएको हो ।

उनले व्यवसायका लागि रकम आवश्यक पऱ्यो भनी रु पाँच लाख ऋण लिएर पैसा नभएको बैंकको चेक दिएको सीआईबीका प्रवक्ता बेलबहादुर पाण्डेले जानकारी दिए । सोही आधारमा मधु बुढाथोकीको जाहेरीले उनीविरुद्ध बैंकिङ कसुरमा मुद्दा परेको थियो ।

## हात भाच्ने शिक्षक पक्राउ

लहान/मस- गृहकार्य नगरेको भन्दै विद्यार्थीको हात भाँच्ने सिरहाको मिर्चैयास्थित स्वस्तिक पाठशालाका एक शिक्षकलाई प्रहरीले पक्राउ गरेको छ । गृहकार्य नगरेको भन्दै सिरहा नगरपालिका-२ निवासी १२ वर्षीय रितिक यादवलाई कुटपिट गरी हात भाँचिदिएको आरोपमा पाठशालाका शिक्षक ताराबहादुर कार्कीलाई प्रहरीले पक्राउ गरेको हो ।

कुटपिटबाट रितिकको बायाँ हात भाँचिएकाले शिक्षक कार्कीलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक सन्तु जैसवालले जानकारी दिए ।

## अवैध सम्बन्ध लुकाउन श्रीमानको हत्या



विराटनगर/मस- मोरङका विकास सरदारको हत्या उनकै श्रीमतीको योजनामा भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । कटहरी गाउँपालिका- ७ का ४५ वर्षीय विकासको ६ माघमा पानी जमेको खाल्डोमा फेला परेको थियो । विकासको शव टाउकोमा पछाडि चोट लागेको अवस्थामा ग्रामथान गाउँपालिका-३ स्थित पानी जमेको खाल्डोमा फेला परेको थियो ।

उनको हत्या श्रीमती ३५ वर्षीया दयावती सरदारको योजनामा भएको प्रहरी अनुसन्धानबाट खुलेको हो । प्रेमीसँगको सम्बन्धका बारेमा श्रीमान विकासले थाहा पाएपछि दयावतीले प्रेमी बद्री सरदारसहितको समुहलाई परिचालन गरेर हत्या गरेकी थिइन् ।

दयावतीको दुई वर्षयता बोस भनिने बद्रीसँग प्रेम सम्बन्ध थियो । सम्बन्धका बारेमा थाहा पाएपछि मदिरा सेवन गराई तास खेल्ने बाहनामा हत्या गरेको मोरङका प्रहरी उपरीक्षक विश्व अधिकारीले जानकारी दिए । श्रीमतीको परपुरुषसँगको सम्बन्ध नै विकासको हत्याको मुख्य कारण रहेको अनुसन्धानबाट खुलेको अधिकारीले बताए ।

‘दयावती र उनका प्रेमी बद्रीकै सल्लाहमा हत्याको योजना बनाएको देखिन्छ’ उनले भने ‘पछि हत्या गर्ने बेला ललन सरदार र करिया भनिने मुकेश सरदारले पनि सहयोग गरेको देखिन्छ ।’ विकासको घरमा मदिरा पसल पनि छ । पसलमा मदिरा सेवनपछि तीनजनाले तास खेल्न भन्दै लिएर गएका थिए । घरदेखि केही पर पुगेपछि साथमै लगेको फलामको डण्डीले ललनले टाउकोको पछाडि प्रहार गरे ।

रड प्रहारपछि ढलेका विकासको घाँटीमा गाम्छाले कसेर हत्या गरी नजिकैको खाल्डोमा फालेका थिए । हत्या गरिसकेपछि पानीमा डुबेर मृत्यु भएको देखाउन खाल्डोमा लगेर हालेको अधिकारीले बताए ।

प्रहरीले गत शनिबार बद्रीलाई घरैबाट पक्राउ गरेको थियो । उनको बयानका आधारमा दयावती, ललन र मुकेशलाई पक्राउ गरिएको अधिकारीले बताए । उनीहरु विरुद्ध कर्तव्य ज्यान मुद्दा चलाउन म्याद थप गरेर अनुसन्धान सुरु गरिएको छ ।

## विप्लव कार्यकर्ता खोज्न जाँदा प्रहरीको बन्दुक पड्कियो


बर्दिया/मस- विप्लव समूहका कार्यकर्तालाई पक्राउ गर्न गएका एक जना प्रहरीले बोकेको बन्दुक पड्किँदा आफैं घाइते भएका छन् । इलाका प्रहरी कार्यालय, ढोडरीमा कार्यरत प्रहरी विप्लव समूहका कार्यकर्ताबारे सूचना पाएपछि मधुवन नगरपालिका-४ मौवामा पुगेको थियो । तर, त्यहाँ भुलवश प्रहरीले बोकेको हतियार पड्किँदा एक जना घाइते प्रहरी प्रधान कार्यालयले जनाएको छ । घाइते हुने प्रहरीको परिचय खुलाइएको छैन ।

घाइते प्रहरीलाई भेरि अस्पताल, नेपालगञ्ज पठाइएको जिल्ला प्रहरी कार्यालय, बर्दियाका प्रमुख एसपी राजेशनाथ बाँस्तोलाले जानकारी दिए । प्रहरीको दाहिने खुट्टामा गोली लागेको छ ।

टोलीले विप्लव समूहका दुई जनालाई पक्राउ गरेको छ भने दुई जना फरार छन् । पक्राउ पर्नेमा जिल्ला जनपरिषदका अध्यक्ष जयबहादुर ठाडा मगर र रोहित सुनार छन् । त्यस्तै फरारको खोजी जारी रहेको प्रहरीले जानकारी दिए ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्भनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।




HK
Cleaners/House Keeping/ Laundry man, Room boy
KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com



## सम्पादकीय

# नेकपामै प्रष्टताको खाँचो

राष्ट्रपति विद्यादेवी भण्डारीको पत्रअनुसार, प्रतिनिधिसभा बैठक पुस ४ गतेबाटै शुरू हुनुपर्ने हो । तर, बलात्कार प्रयासको गम्भीर आरोप सँगै कृष्णबहादुर महराले असोज १४ गते राजीनामा दिए पछि सभामुख पद रिक्त भएकाले प्रतिनिधिसभा बैठक ४० दिन ढिलोगरी शुरू भएको छ । पटक–पटक स्थगित गर्दै माघ १२ गते मात्रै अग्निप्रसाद सापकोटा सभामुख निर्वाचित भए । सभामुख चयन प्रक्रियाकै विलम्बका कारण मंगलबारबाट बैठक शुरू भएको छ ।

संसदले नयाँ सभामुख पाएपछि शुरू भएको प्रतिनिधिसभा बैठकलाई प्रधानमन्त्री एवम् सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल, प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा लगायतले सम्बोधन गरे । सम्बोधनका क्रममा नवनिर्वाचित सभामुख सापकोटालाई बधाई सँगै, सवैजसो नेताहरूले प्राथमिकता दिएको विषय बन्यो– अमेरिकी परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) । प्रधानमन्त्री ओलीले ७ जना प्रधानमन्त्री फेरिसक्दा पनि पारित हुन नसकेको एमसीसी सभामुख सापकोटा नेतृत्वको संसदले पारित गर्नुपर्ने कार्यभार सम्झाएका थिए ।

प्रमुख प्रतिपक्षी दल काँग्रेसका सभापति देउवाले पनि एमसीसी पारित नहुनुपर्ने कारण संसद समक्ष सोधेका थिए । सभापति देउवाको कथनअनुसार, एमसीसीबारे नहुनुपर्ने विवाद भइरहेको छ । सत्तारूढ नेकपाभित्र देखिएको विवादले एमसीसी रोकिएको सभापति देउवाले तर्क गरेका थिए । सभापति देउवाकै जस्तो तर्क र अडान अन्य धेरैजसो साना दलहरूले समेत राख्दै आएको छ । तर, सत्तारूढ नेकपाभित्र भने एमसीसी संशोधन नगरी पारित गर्न नहुने बहस चर्किएर गएको छ । प्रधानमन्त्री ओलीले यसअगाडि अन्तर्वार्ता नै दिएर निवर्तमान सभामुख कृष्णबहादुर महराकै कारण एमसीसी पारित हुन नसकेको बताएका छन् ।

प्रधानमन्त्री ओलीको अभिव्यक्तिको खण्डन भने स्वयम् नेकपाकै नेताहरूले गरिरहेका छन् । विशेषगरी बरिष्ठ नेता झलनाथ खनाल र माधवकुमार नेपाल निकट नेताहरूले एमसीसी पारित भए देशको स्वाधिनता धरापमा पर्ने तर्क गर्दै आएका छन् । एमसीसीलाई चीन सरकारले अगाडि बढाएको महत्वाकांक्षी परियोजना बेल्ट एण्ड रोड इनिसियटिभ्स् (बीआरआई) लाई कार्यान्वयन हुन नदिन अमेरिकाले अगाडि बढाएको परियोजनाका रूपमा समेत नेकपाकै नेताहरूले विश्लेषण गरिरहेका छन् । यस्तो अवस्थामा प्रधानमन्त्री ओलीलाई पारित गर्नैपर्ने कार्यभार लाग्नु र ओली नेतृत्वकै पार्टीका नेताहरूलाई स्वाधिनता धरापमा परेको लाग्नुले देश भने अलमलमा परेको छ । नेकपाका कार्यकर्ता पंक्ति समेत अलमलमा देखिएका छन् । अर्का तर्फ अमेरिकाको यो परियोजना लिँदा देशमा चमत्कारै हुने र नलिए धेरै पछाडि नपर्ने मध्यमार्गी तर्क समेत सतहमा आएको छ । त्यसैले एमसीसीबारे प्रष्ट पार्ने र नेपाली जनतालाई अन्योलमा नपर्न सवैभन्दा पहिले नेकपा प्रष्ट हुन जरूरी छ । आशा गरौं, आजबाट शुरू हुने केन्द्रीय कमिटी बैठकले यसबारे प्रष्ट्याउने नै छ ।

## सामाजिक सञ्जाल



ती आस्था राउत भन्ने गायिकालाई प्रहरीले लगाउनुसम्मको गुन लगाएको छ । सीमित युवा पंक्तिबीच रहेको उनको पहिचान आम नेपालीसम्म प्रहरीले नै पुऱ्यायो । आस्थाले चार हजार तिरेर मिडियामा करोडौंको विज्ञापन गर्न सफल भइन् । पुलिसले चार हजार धरौटी तिराएँ भन्ने भ्रममा ४० गुणा बढी विश्वसनीयता गुमायो ।

- प्रकाश ढकाल



सुस्त भारतीय अर्थतन्त्रले नेपालमा खासै चिन्ता गर्नु पर्ने प्रभाव पार्ला जस्तो लाग्याथेन । यो कोरोना भाईरसले अर्थतन्त्र न्याक्ला जस्तो पो लाग्न थाल्यो । नेपाल भ्रमण वर्ष २०२० का लक्ष्य थन्किने भए– पहिलो प्रभाव !

– रामेश्वर खनाल



केही पक्ष मनन गरौं : जनता र पार्टी पंक्तिको परीक्षा पास गरेका नेता (शैक्षिक योग्यता जरूरत नपर्ने), लोक सेवा उत्तीर्ण कर्मचारी, मेडिकल काउन्सिल, चिकित्सक, बार काउन्सिल, वकिल, त्रिवि सेवा आयोगको मेरो वर्ग र अन्य थुप्रै सार्वजनिक सेवा । निजीतर्फ अहिले पसिएन ।

– श्रीराम पौडेल



नेपाल विद्युत प्राधिकरणलाई अनुरोध : विद्युत महसुल खपत अनुसार ग्राहकको नयाँ वर्गीकरण स्वागतयोग्य छ । ३० रूपैयाँ महसुल तिर्नलाई घण्टौ लगाएर सदरमुकाम सम्म पुगेर महसुल बुझाउने तौर तरिकामा परिवर्तन किन नल्याउने ? मेरो घरबाट गोरखासम्म रू १०० को बील तिर्न १००० खर्च हुन्छ यता किन ध्यान नदिने ! ?

– शिव रेग्मी

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail.com

# राजस्व प्रशासनमा सूचना प्रविधिको प्रभाव



■ रमेश सुवेदी

" आर्थिक नीति तय गरी राजस्वको प्रक्षेपण गरेर लक्ष्यअनुसारको राजस्व संकलन गर्न यसअन्तर्गतका निकायहरू आन्तरिक राजस्व विभाग, भन्सार विभाग क्रियाशील रहेका छन् भने महालेखा नियन्त्रकको कार्यालयले समग्र आयव्ययको हिसाब सञ्चित कोषमा राख्ने कार्य गरेको छ ।

कम्प्युटरको आविष्कार हुनुभन्दा पहिले सत्रौं शताब्दीमा फ्रान्सका गणितज्ञ वेलिस पास्कलले पास्कल नामक उपकरणको प्रयोग गरी आफ्ना पिताको कर प्रशासनको कामलाई सहजता प्रदान गरेका थिए । आदम स्मिथले सन् १७७६ मा करका सिद्धान्तहरूका रूपमा समानता, निश्चितता, मितव्ययिता र सुविधाको सिद्धान्त प्रतिपादन गरेका थिए । करका सिद्धान्तअनुसार मितव्ययी, करदाताको सहजता र सुविधाअनुसार सेवा प्रदान गर्न राज्यले राजस्व प्रणालीलाई सूचना प्रविधिमा आबद्ध गरी सेवालाई सरलीकरण र सहजीकरण गर्दै लैजाने काम गरेको छ ।

आजको समय सूचना-प्रविधिको युग हो । राज्य र यसको विभिन्न निकाय तथा संरचनाबाट नागरिकसमक्ष प्रवाहित हुने अधिकार तथा सेवा-सुविधाहरूलाई कम्प्युटरलगायतका नयाँ प्रविधिको प्रयोग गरी नागरिकसमक्ष पुऱ्याउने मुख्य उद्देश्य यस शासन प्रणालीको रहेको छ । नागरिकले राज्यलाई कुनै सेवा-सुविधाको माग तथा कानुनबमोजिम परिपालना गर्नुपर्ने विषय वा सरकारको एक निकायले अर्को सरोकारवाला निकायलाई उपलब्ध गराउनुपर्ने सूचना एवं जानकारी विद्युतीय माध्यमबाट नै उपलब्ध गराउने समग्र प्रक्रिया एवं प्रणालीहरूको समष्टिगत रूप नै सूचना प्रविधि वा विद्युतीय शासन हो । विद्युतीय शासनलाई प्रभावकारी बनाउन विद्युतीय कारोबार ऐन, २०६३ को दफा ७९ अनुसार सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५ जारी भएको छ । नेपालको संविधानले समेत आधुनिक सेवा प्रवाहमा जोड दिएको छ । तथापि सार्वजनिक प्रशासन वा राजस्व प्रशासनको विद्यमान कार्य शैली, प्रविधियुक्त शिक्षा, नागरिक चेतना र पूर्वाधारको कमीले सेवा प्रवाहमा प्रयोग भएका नवीन प्रविधिको प्रयोगले उल्लेखनीय गति लिन सकेको छैन ।

राजस्व प्रशासनलाई प्रभावकारी व्यवस्थापन गर्ने जिम्मेवार कन्द्रीय निकायका रूपमा अर्थ मन्त्रालयले कार्य गर्छ । आर्थिक नीति तय गरी राजस्वको प्रक्षेपण गरेर लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न यसअन्तर्गतका निकायहरू आन्तरिक राजस्व विभाग, भन्सार विभाग क्रियाशील रहेका छन् भने महालेखा नियन्त्रकको कार्यालयले समग्र आयव्ययको हिसाब सञ्चित कोषमा राख्ने कार्य गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहेको राजस्व अनुसन्धान विभागले समेत राजस्व चुहावटसम्बन्धी अनुसन्धानात्मक कार्यहरूमा देहायअनुसारको सूचना प्रविधिको प्रयोग भइरहेको छ ।

आन्तरिक राजस्व विभागले कर राजस्वतर्फको आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको प्रशासन गर्छ । यस विभागले नीतिगत तथा कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न सूचना प्रविधिको प्रयोग निम्नानुसार गरेको छ :

कर प्रशासन र करदाता दुवैले प्रयोग गर्ने गरी इन्टिग्रेटेड ट्याक्स सिस्टम तयार गरी ट्याक्सपेयर पोर्टल र अफिसर पोर्टलको व्यवस्था गरिएको ।

बिजनेस कन्टिन्युटी प्लान तयार गरी आफ्नै डाटा सेन्टर र डिजास्टर रिकभरी सेन्टरको स्थापना एवं सञ्चालनमा गरेको अनि नियरबाइ डाटा सेन्टर (जीआईडीसीमा) सञ्चालनमा ल्याउने तयारी भएको ।

सूचना प्रविधि महाशाखाको व्यवस्था गरी आवश्यक दक्ष जनशक्तिको समेत रहेको ।

स्थायी लेखा नम्बरको दर्ता, कारोबारको विवरण, राजस्व आदि अनलाइन प्रणालीबाट करदाताले राजस्व प्रशासनमा दाखिला गर्न सक्ने व्यवस्था गरेको ।

एकपटकमा १० लाखसम्मको राजस्व दाखिला अनलाइन प्रणालीबाट गर्न सकिने व्यवस्था लागू भएको ।

करदाताले आफूले दाखिला गर्ने राजस्वको भौचर विवरण अनलाइन प्रणालीबाट नै तयार गर्न सकिने ।

आइआरडी नेपाल नामक मोबाइल एप्लिकेसन सञ्चालन रहेको ।

करदाता स्वयंले कर विवरणहरूसमेत रुजु गर्न सक्ने व्यवस्था भएको ।

निश्चित कारोबार हुने करदाताले कर विवरण र राजस्व दाखिला गरिसकेपछि अनलाइनबाट नै कर चुक्ता प्रमाणपत्र जारी गर्न थालिएको ।

कम्पनी संस्थापना गर्दा नै स्वचालित रूपमा कम्पनी दर्ता नम्बरअनुसारको उपलब्ध गराउन सक्ने गरी कम्पनी रजिस्ट्रारको कार्यालय र आन्तरिक राजस्व विभागको प्रणालीबीच अन्तरआबद्धता गरी २०७० असोज १८ गतेबाट सुरुवात भएको ।

व्यवसायीले कर बिजक जारी गर्दा तत्काल सो कर विजकका विवरणहरू विभागको सेन्ट्रलाइज बिलिङ मोनिटरिङ सिस्टममा समेत भण्डार हुने प्रक्रिया २०७४।०८।०१ बाट सुरु भई सञ्चालनमा रहेको ।

महालेखा नियन्त्रक कार्यालयबाट करदाताले दाखिला गरेको भौचरको सम्पूर्ण विवरण प्रणालीबाट नै प्रत्येक दिन राति १२ बजेपश्चात् २०७५।०४।०१ देखि प्रणालीगत अन्तरआबद्धता कायम भएको ।

भन्सार विभागमा रहेको आयात निर्यातको डाटासमेतलाई प्रणालीगत रूपमा अन्तरआबद्धता कायम गरी डाटा प्राप्त गर्ने गरिएको ।

नेपाल चार्टर्ड एकाउन्टेट्स संस्थामा आबद्ध भई नवीकरण भएका लेखापरीक्षकले तयार पारेको लेखापरीक्षण प्रतिवेदनमात्र आन्तरिक राजस्व विभागमा बुझाउन सकिने गरी २०७६।०१।०१ बाट लागू भई लेखापरीक्षक नेपाल चार्टर्ड एकाउन्टेट्स संस्थामा नवीकरण भए-नभएको प्रणालीगत अन्तरआबद्धताबाट नै थाहा पाउन सकिने व्यवस्था सुरु गरिएको ।

करदाताले बैंक तथा वित्तीय संस्थामा कर्जा लिन बुझाउने वित्तीय विवरण फरक-फरक बुझाउने नसकिने गरी बैंक तथा वित्तिय संस्थामा कर्जा लिन करदाताले नै ट्याक्स पेयर पोर्टलबाट बेकल लोन एप्लिकेसन फर्म तयार गरी बैक तथा वित्तीय संस्थामा कर्जा लिनका लागि आवेदन गर्न सक्ने व्यवस्था गरेको छ । यसले गर्दा करदाताले कर कार्यालयमा बुझाएको आय विवरण नै बैंकमा पेस भई आर्थिक अनुशासनको पालन गर्ने प्रणालीको विकास गरी मिति २०७६ भाद्रबाट सञ्चालनमा आएको ।

राजस्व प्रशासनको कार्यप्रवाह फेसलेस रूपमा गराउन उन्मुख भएको ।

महालेखा नियन्त्रक कार्यालय नेपाल सरकारको सञ्चित कोष सञ्चालन गर्ने जिम्मेवार निकाय हो । यस कार्यालयले बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारको आयव्ययको लेखा राख्ने र सोको केन्द्रीय वार्षिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेस गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । नीतिगत तथा कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न महालेखा कार्यालयले सूचना प्रविधिको प्रयोग निम्नानुसार गरेको छ :

गैरकर राजस्व प्रशासन सम्बन्धमा नेपाल सरकारको सबैजसो निकायमा नागरिकले कर तथा गैरकर राजस्व दाखिला गर्न सक्ने अनलाइन प्रणाली महालेखा नियन्त्रक कार्यालयले न्यू रेभेन्यू म्यानेजमेन्ट इन्फरमेसन सिस्टम २०७५ साल श्रावण १ गतेबाट सुरू गरेको छ । यसको प्रयोग गरी देशका ७ सय ६१ वटै सरकारीका निकायहरूमा अनलाइन प्रणालीबाट कर तथा गैरकर राजस्व बुझाउन सकिने प्रणालीको सुरुवात भएको छ । हाल कम्पनी रजिस्टारको कार्यालय, लोकसेवा आयोगको अनलाइन आवेदन, राजस्व भुक्तानी, राहदानी विभागको अनलाइन आवेदन र अनलाइन राजस्व भुक्तानी गैरकर राजस्वमा प्रयोग भएका सूचना प्रविधिका उदाहरणहरू हुन् ।

**(क) राजस्व अनुसन्धान विभाग (राजस्व चुहावटतर्फ)**

हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहेको राजस्व अनुसन्धान विभागले कर तथा गैरकर राजस्व चुहावटसम्बन्धी अनुसन्धान गरी दण्ड जरिवाना गराउने काम गर्छ । नीतिगत तथा कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न यस विभागले सूचना प्रविधिको प्रयोग निम्नानुसार गरेको छ :

मालवस्तु ओसारपसार व्यवस्थित गर्न २०७६।०४।०१ देखि अनिवार्य रूपमा भीसीटीएस लागू भएको ।

हाल दैनिक करिब २० हजारभन्दा बढी मालवस्तु ओसारपसार गर्ने ढुवानीकर्ताले प्रयोग गर्न सुरु गरेको ।

देशभर रहेका ढाँट हटेको ।

अनुसन्धान अधिकृतले मोबाइल वा ट्याबलेटमार्फत जुनसुकै स्थानमा बसेर ढुवानीकर्ताले घोषणा गरेअनुसार सामान भए-नभएको चेकजाँच गर्न सक्ने व्यवस्था गरिएको ।

**१. राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोगले प्राप्त भएको अवसर**

राजस्व प्रशासन सेवामा सर्वसाधारण नागरिकको पहुँच पुऱ्याउन सफल भएको ।
सेवा प्रवाह प्रक्रियालाई सरलीकरण गरेको ।
सेवा प्रवाहका क्रममा लाग्ने समय तथा लागतलाई न्यूनीकरण गरेको ।
सरकारको कागजविहीन प्रशासनको मान्यता सार्थक तुल्याउन सहयोग गरेको ।
राजस्व प्रशासनमा आबद्ध निकाय तथा सरोकारवालाबीच विश्वासको अवस्था सिर्जना गरेको ।
एकीकृत सार्वजनिक सेवा वितरण प्रणालीलाई स्थापित गर्न सहयोग गरेको ।
सेवा तथा सूचना वितरणमा पारदर्शिता कायम भएको ।
सार्वजनिक निकाय तथा पदाधिकारीलाई उत्तरदायी बनाउन सफल बनेको ।
सहभागितामूलक शासन प्रणाली स्थापना भएको ।
सेवाको लागत र समय बचत गर्न सफल भएको ।
विद्युतीय शासन लागू गर्न सफल भएको ।
कार्यालयको कार्यबोझलाई सरलीकरण गरिएको ।

**२. राजस्व प्रशासन सूचना प्रविधिको चुनौती**

सालबसाली आउने आर्थिक ऐनले केही न केही नयाँ नीतिगत व्यवस्था गरेको हुने ।
विभिन्न निकायका प्रणालीगत अन्तरआबद्धताले एउटा प्रणालीमा देखिएको समस्याले अर्को प्रणालीमा समेत असर गर्न सक्ने ।
विभिन्न तहमा आइपर्ने सुरक्षात्मक चुनौतीहरू ।
आधुनिक प्रविधिमा पहुँचको कमी हुनु ।
साइबर सुरक्षाको विश्वसनीयता अभिवृद्धि गर्नु ।
मनोवैज्ञानिक त्रास र द्वन्द्व निवारण गर्नु
महत्वपूर्ण सरकारी विवरण बहुराष्ट्रिय कम्पनीको हातमा पुग्नबाट बचाउनु ।
अध्ययन, अनुसन्धान र अन्वेषण विकास गर्दै लैजानु ।
पहुँचवालाको प्रभाव न्यूनीकरण गर्नु ।
विद्युत् र उच्च गतिको इन्टरनेटलाई व्यवस्थित बनाउनु ।
मुलुकको सूचना प्रविधि क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न यहाँ भएका आइटी कम्पनीको अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गर्नु ।
उच्च सीपयुक्त जनशक्ति र अर्धदक्ष जनशक्ति पर्याप्त मात्रामा विकास गराउनु ।
सूचना प्रविधि क्षेत्रलाई प्राथमिकता दिई केही वर्षका लागि निश्चित प्रतिशत कर छुटको व्यवस्था गर्नु ।
आईटी कम्पनीका लागि स्थानीय बजार पर्याप्त बनाई श्रम कानुन सहज गराउनु ।
लगानी गर्दा सुरुमै चर्को लाभकर तिर्नुपर्ने अवस्थाको अन्त्य गर्नु ।

आधुनिक युगमा नयाँ प्रविधिको उपयोगमार्फत सरकारी सेवालाई गुणस्तरीय, जनमैत्री र प्रभावकारी बनाउनुपर्छ । यसबाट सेवाप्रवाहको समय र लागत घट्ने एवं गुणस्तर अभिवृद्धि हुन्छ । राजस्व प्रशासनमा कार्यरत जनशक्तिलाई प्रशिक्षित गर्दै नागरिक चेतनाको विस्तार र आधुनिक प्रविधिको उपयोग बढाउन सके राजस्व प्रशासनमा रहेका विद्यमान समस्याहरू र सेवा प्रवाहमा देखिएका अनियमितता घट्ने र समयमै सेवा वितरण हुने कुरामा दुईमत हुन सक्दैन ।

# सञ्चयकोषको लगानी व्यवस्थापन



अर्जुनकुमार गौतम

वि.सं. २०१९ भाद्र ३१ गते औपचारिक रूपमा स्थापना भएको कर्मचारी सञ्चय कोषले ५८ औं वर्ष प्रवेश गर्दा करिब ६ लाख सञ्चयकर्ताको ३ सय ४५ अर्बभन्दा बढी वित्तीय स्रोत परिचालन गरिरहेको छ । आर्थिक वर्ष ०७५/७६ को वि.सं. २०७६ असार मसान्तको लेखापरीक्षण सम्पन्न हुन बाँकी वित्तीय प्रतिवेदनअनुसार कोषमा कुल रु. ३ खर्ब ४५ अर्ब ६९ करोड वित्तीय स्रोत रहेको छ । कुल स्रोतमध्ये रु. ३ खर्ब ३८ अर्ब ६ करोड अर्थात् ९८ प्रतिशत रकम ऋण तथा लगानीको माध्यमबाट विभिन्न क्षेत्रमा प्रवाह गरिएको छ । कुल लगानीमध्ये सञ्चयकर्ता सापटीमा ५३ प्रतिशत, आवास तथा परियोजना कर्जामा १६ प्रतिशत, वाणिज्य बैंकहरूको मुद्दती निक्षेपमा २३ प्रतिशत, सेयर एवम् सरकारी ऋणपत्रलगायतका पुँजीबजारका उपकरणहरूमा ७ प्रतिशत र बाँकी १ प्रतिशत अन्य क्षेत्रमा प्रवाह भएको छ ।

कर्मचारी सञ्चय कोषजस्तो ठूलो परिमाण एवं दीर्घकालीन प्रकृतिको पुँजी परिचालन गर्ने निकायले लामो अवधिको वित्तीय उपकरण एवम् आवास तथा पूर्वाधार विकासका ठूला परियोजनाहरूमा लगानी गर्नु उपयुक्त मानिन्छ । कर्मचारी सञ्चय कोषकै प्रकृतिका देशका अन्य सामाजिक सुरक्षा संस्थाहरूले आवास तथा जग्गा व्यवस्थापन, पुँजीबजारका उपकरणहरू र पूर्वाधार विकासका परियोजनाहरूमा आफ्नो लगानी केन्द्रित गरेका हुन्छन् । कर्मचारी सञ्चय कोषलाई पनि उल्लिखित तीनवटै क्षेत्रमा लगानी गर्न सक्ने कानुनी अधिकार कर्मचारी सञ्चय कोष ऐनले दिएको छ । विश्वभरिका सामाजिक सुरक्षा संस्थाहरूको छाता संगठनका रूपमा रहेको अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्थाले जारी गरेको सामाजिक सुरक्षा कोषहरूको लगानी मार्गदर्शनमा समेत उल्लिखित तीनवटा क्षेत्रको लगानीलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ ।

अन्तर्राष्ट्रिय अनुभव र असल अभ्यासको समेत अनुसरण गर्दै एवम् ऐनले दिएको अधिकारको प्रयोग गर्दै कोषले आवास परियोजना सञ्चालन गर्ने तथा पूर्वाधार विकासका परियोजनाहरूमा लगानी वृद्धि गर्ने प्रयास विगत ३ दशकदेखि नै गरेको थियो । सञ्चयकर्ताका लागि आवास परियोजना सञ्चालन गर्ने कोषको प्रयासस्वरूप करिब २० वर्षअघि पोखरामा १ सय १२ वटा आवासीय घर निर्माण गरी सञ्चयकर्तालाई सहुलियत दरमा बिक्री गरिएको थियो । तत्पश्चात् आवास परियोजना सञ्चालन गर्ने तथा सो प्रयोजनका लागि अलग्गै कम्पनी वा संस्थाको स्थापना गर्ने सम्बन्धमा भएको कोषको पटक-पटकका प्रयास सफल हुन सकेनन् ।

पूर्वाधार विकासका परियोजनाहरूमा कोषको लगानी विस्तार गर्ने प्रयासस्वरूप २५ वर्षअघि नेपाल विद्युत् प्राधिकरणले प्रवर्द्धन गरेको २० मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजना कोष एक्लैको ऋण लगानीबाट निर्माण गरिएको थियो । स्वदेशी पुँजी, प्रविधि र जनशक्तिमा बनेको यो नेपालको पहिलो आयोजना हो । तत्पश्चात् नेपालको हालसम्मकै ठूलो र राष्ट्रिय गौरवको परियोजनाको रूपमा लिइएको ४ सय ५६ मेगावाट क्षमताको तामाकोसी जलविद्युत् आयोजनाको वित्तीय संरचनामा कोषले नेतृत्वदायी भूमिका निर्वाह गरी रु. १० अर्ब ऋण प्रवाह गर्ने निर्णय गरेको थियो । सो आयोजना हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । ऊर्जा विकासको क्षेत्रमा थप लगानी गर्ने प्रयासस्वरूप चिलिमे जलविद्युत् कम्पनीले नै प्रवर्द्धन गरेका अन्य चारवटा परियोजनामा समेत कोष एक्लैले रु. १६ अर्ब ऋण लगानी गर्ने अवसर प्राप्त गरेको थियो । ती चारवटा परियोजनाको कुल विद्युत् उत्पादन क्षमता २ सय ७६ मेगावाट छ र हाल निर्माणको अन्तिम चरणमा छन् ।

यसरी आवास तथा पूर्वाधार विकासको क्षेत्रमा लगानी वृद्धि गर्न कोषले विगतमा प्रयास गरेको भए तापनि बाह्य एवम् आन्तरिक परिस्थिति अनुकूल नहुँदा अपेक्षाकृत उपलब्धि हुन सकेन । यसको फलस्वरूप कुल लगानीको ७६ प्रतिशतभन्दा बढी रकम परम्परागत रूपमा सञ्चयकर्ता सापटी र बैंकको मुद्दती निक्षेपमै केन्द्रित रहेको छ । नेपाल सरकार अर्थमन्त्रालय र कर्मचारी सञ्चय कोषका प्रशासकबीच गत वर्ष भएको कार्यसम्पादन सम्झौताअनुसार कोषले आगामी चार वर्षपश्चात् आवास तथा पूर्वाधार विकासका क्षेत्रको लगानीलाई हालको १६ प्रतिशतबाट वृद्धि गरी २५ प्रतिशत पुऱ्याउनुपर्ने उल्लेख छ । सो लक्ष्य पूरा गर्न आगामी चार वर्षको अवधिमा त्यस क्षेत्रतर्फ कम्तीमा करिब १ खर्ब रुपैयाँ थप लगानी गर्नुपर्ने हुन्छ । यसका लागि कम्तीमा १० वटा ठूला परियोजना आवश्यक पर्छ ।

कर्मचारी सञ्चय कोषले यही २०७६ श्रावणदेखि सरकारी सेवामा नयाँ नियुक्त हुने कर्मचारीहरूका लागि लागू गरिएको योगदानमा आधारित निवृत्तिभरण कोषको व्यवस्थापन गर्ने जिम्मेवारी पनि पाएको छ । निवृत्तिभरण कोष, सञ्चय कोषभन्दा बढी दीर्घकालीन प्रकृतिको हुन्छ । किनभने यस कोषको रकमबाट सेवाकालमा सापटी पाइँदैन र अवकाशपश्चात् एकमुस्ट फिर्ता लिन पनि पाइँदैन । अवकाशपश्चात् मासिक निवृत्त भरण प्रदान गर्न मात्र यस्तो रकम खर्च हुन्छ । दीर्घकालीन प्रकृतिको रकमलाई दीर्घकालीन र ठूला परियोजनाहरूमा लगानी गर्नु थप सान्दर्भिक हुन्छ । अर्कातर्फ कर्मचारी सञ्चय कोषले निवृत्तिभरण कोषको समेत व्यवस्थापन गर्ने भएकाले साविकको सञ्चय कोषबापतको २० प्रतिशत योगदानको अतिरिक्त निवृत्तिभरण कोषको १२ प्रतिशतसमेत गरी प्रत्येक योगदानकर्ताको मासिक ३२ प्रतिशत रकम कोषमा जम्मा हुन्छ । निवृत्तिभरण कोषबाट योगदानकर्तालाई सापटी प्रदान नहुने भएकाले कोषको लगानीयोग्य रकममा भविष्यमा गुणात्मक वृद्धि हुने देखिन्छ । त्यस्तो रकम परिचालनका लागि कर्मचारी सञ्चय कोषसँग अवसर र चुनौतीहरू दुवै छन् ।

संघीय शासन प्रणालीअन्तर्गत भएको निर्वाचनपछि मुलुकले राजनीतिक स्थिरता पाएको छ । राजनीतिक एजेन्डाको सम्बोधन भई आर्थिक एजेन्डाले स्थान पाएको छ । यससँगै मुलुकको विकासको गतिले द्रुतता पाएको छ । निजी क्षेत्रका व्यावसायिक क्रियाकलापमा भएको वृद्धिसँगै कर्जाको माग बजारले थेग्न नसक्ने गरी वृद्धि भएको छ । राजनीतिक स्थिरतासँगै लगानीमैत्री वातावरणको विकास भएको छ । नीति एवम् कानुनहरूमा सूधार गरिएका छन् । दिगो विकास लक्ष्य हासिल गर्दै सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकका रूपमा स्तरोन्नति गर्न तथा 'समृद्ध नेपाल सुखी नेपाली' को अभिलाषा पूरा गर्न ठूलो परिमाणको राष्ट्रिय पुँजीको आवश्यकता पर्छ । यसरी कोषको दीर्घकालीन वित्तीय स्रोतलाई आवास तथा पूर्वाधार विकासका उययुक्त परियोजनाहरूमा लगानी अभिवृद्धि गरी राष्ट्र निर्माणको सो अभियानमा थप योगदान गर्न पाउने अवसर कोषलाई प्राप्त भएको छ ।

यसै सन्दर्भमा नयाँ अवसरहरूको फाइदा लिंदै आवास तथा पूर्वाधार विकासका क्षेत्रमा लागानीको माध्यमबाट देशको आर्थिक विकासमा योगदान गर्ने तथा सञ्चयकर्तालाई उपयुक्त प्रतिफल प्रदान गर्ने अभिलाषाले कर्मचारी सञ्चय कोषले यसै वर्ष नयाँ कर्जा तथा लगानी नीति लागू गरेको छ । यो नीति, लगानीको सुरक्षा र जोखिमको न्यूनीकरण, सञ्चयकर्तालाई उपयुक्त प्रतिफल र सामाजिक सुरक्षाको सुनिश्चितता, लगानीको विविधिकरण, राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान, पुँजीबजारको प्रवर्द्धन तथा वित्तीय बजारको स्थिरताको सिद्धान्तबाट निर्देशित रहेको छ ।

साथै यस नीतिले कोषको दीर्घकालीन वित्तीय स्रोतलाई उत्पादनशील एवम् पूर्वाधार विकासका क्षेत्रमा उपयोग गर्ने गरी सुरक्षा, प्रतिफल एवम् दिगोपना सुनिश्चित हुने गरी लगानी संरचना निर्धारण र व्यवस्थापन गर्ने प्रमुख रणनीति लिएको छ ।

# राष्ट्रपतिद्वारा प्रजातान्त्रिक पार्कको अनावरण

**हेटौंडा/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले हेटौंडा उपमहानगरपालिका-११ स्थित शहिद पार्कमा निर्माण भएको प्रजातान्त्रिक पार्कको अनावण गरेकी छन् । राष्ट्रपति भण्डारीले राजनीतिक परिवर्तनका लागि लोकतान्त्रीक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएका नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ, नेपाली कांग्रेसका संस्थापक नेता तथा पहिलो जन निर्वाचित प्रधानमन्त्री बिपी कोइराला, लौहपुरुष गणेशमान सिंह र पहिलो जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीको पूर्णकदको शालिकको अनावरण गरेकी हुन् ।

स्मारक विकास समितिद्वारा आयोजित शहिद सप्ताहको अवसरमा राष्ट्रपति भण्डारीले इलेक्ट्रिक स्वीच थिचेर प्रजातान्त्रिक पार्कमा निर्माण गरिएको शालीक, रजत जयन्ती स्तम्भको अनावरण गरेकी हुन् ।

शालीकको अनावरण गर्दै राष्ट्रपति भण्डारीले विभिन्न चरणमा भएका राजनीतिक आन्दोलन र सहीदहरुको त्याग र बलिदानबाट नै नेपाल संघीय गणतान्त्रिक युगमा प्रवेश गरेको बताइन् । सहीदहरुको त्याग र बलिदानलाई जीवन्त बनाई राख्न र भावी पुस्तालाई राजनीतिक आन्दोलनबारे जानकारी प्रदान गर्न पनि प्रजातान्त्रिक पार्कले महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो । राष्ट्रपति भण्डारीले सहीदहरुको नाममा मात्रै परिचित बनेको स्मारक राजनीतिक



पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गएको प्रति खुशी व्यक्त गर्दै सहीदहरुबारे अध्ययन गर्नका लागि स्मारक महत्वपूर्ण थलो बन्ने विश्वास व्यक्त गरिन् ।

राष्ट्रपति भण्डारीले जलवायु परिवर्तनको असर कम गर्न पर्यावरणमैत्री विकासमा जोड दिन बागमती प्रदेश सरकारलाई आग्रह गरिन् । विश्वव्यापी रुपमा पर्यावरणमा प्रतिकुल प्रभाव परेकोले जलवायु परिवर्तन भई जैविक विविधता संकटमा परेको बताउँदै उनले चुरे क्षेत्रमा रहेको जीव र बनस्पतिको संरक्षणका लागि वातावरणीय सन्तुलन कायम गर्नुपर्ने खाँचो औंल्याइन् । उनले प्रदेशको राजधानी हेटौंडा भएसँगै बागमती सरकारले गुणस्तरीय शिक्षा र स्वास्थ्यको सेवा जनतामाझ पुऱ्याउन ध्यान दिनुपर्नेमा जोड दिइन् ।

यस्तै राष्ट्रपती भण्डारीले जननेता मदन भण्डारीको शालिकमा माल्यापर्ण गर्दै स्मारक हाता भित्र स्थापना गरिएको २५ औं रजत जयन्ती स्तम्भको उद्घाटन र स्मारीका लोर्कापणका साथै सहीद स्मारकमा सहीदहरुप्रति पुष्पगुच्छा अर्पण गरेकी थिइन् ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेलले अब देशले परिवर्तनका लागि रगत होइन, समृद्धिका लागि पसिना र पौरख मागेको बताए । २५ औं रजत जयन्तीको अवसरमा स्मारकमा एकै ढुंगामा १२ सहीदहरुको प्रतिमा कुद्ने कालीगढ कमलेश महर्जन, गोबिन्द चौधरी र पृथ्वी श्रेष्ठलाई सम्मान गरिएको थियो ।

यसैगरी दीर्घ सेवा सम्मानबाट स्मारक विकास समितिका व्यवस्थापक रामचन्द्र न्यौपान र स्मारक निर्माण उपभोक्ता समितिका प्रथम अध्यक्ष हरिशरण सुबेदीलाई दोसल्ला सहित सम्मान गरिएको थियो । कार्यक्रममा स्मारक विकास समितिका अध्यक्ष एवं मूख्यमन्त्री पौडेल, प्रमुख प्रतिपक्ष दलका नेता इन्द्रबहादुर बानियाँ, उद्योग पर्यटन बन तथा वातावरण मन्त्री अरुण नेपाल, स्मारक विकास समितिका उपाध्यक्ष रामेश्वर राना लगायतले सहीदहरुको सपनालाई साकार पार्न समृद्धिको लक्ष्यमा अघि बढ्नुपर्ने धारणा राखेका थिए ।

# सरकारको मनसाय नै गलत : वरिष्ठ नेता पौडेल

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सरकारले हरेक कानूनहरु गलत मनसायका साथ ल्याएको बताएका छन् । नेपाल प्रेस युनियनले मंगलबार काठमाडौंमा आयोजना गरेको लोकतन्त्रको सुदृढिकरणका लागि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अपरिहार्यता विषयक अन्तरक्रिया कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।



अझै पनि नेपालमा लोकतन्त्रका लागि अनुकुल वातावरण नभएको उल्लेख गर्दै नेता पौडेलले राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय शक्तिबाट लोकतन्त्रलाई बचाउनुपर्ने अहिलेको आवश्यकता रहेको बताए । नेकपाले एकदलिय निरङ्कुसता तर्फ अगाडि बढ्ने आदर्शका साथ अगाडि बढेको भएपनि जनताको बहुदलसँग जोडेर आफुलाई जनवादसँग जोड्न लागेको आरोप लगाए ।

'नेकपाको आफ्नो आदर्श र सिद्धान्त एकातिर छ । जनमतको दबावम बाहाना अर्को थरी गर्नु परेको छ । बहुदल नमान्ने एकदलिय निरङ्कुसता लिएर देशलाई परिवर्तन गर्छु भन्ने संकल्प लिएर आएको कम्युनिष्ट शक्तिले आफुलाई बहुदलसँग जोडेर, बहुदलिय जनवादसँग भनेर जनताले बहुदल मागेका छन् भने त्यतै तिर आफुलाई जोड्ने प्रयास गरेको छ', उनले भने ।

पौडेलले संविधान सभाको प्रकृतिका कारण संविधान आउने सम्भावना नरहेको भएपनि निरन्तर ६ वर्षसम्म संघर्ष गरेर संविधान आउन सम्भव भएको बताए । संविधान आएपछि संविधान विपरितका कानून बनाएर काम गर्न पाइँदैन भनेर खवरदारी गर्न पाइएको उनले बताए । सरकारलाई संविधानले दिएको अधिकारलाई कुण्ठित गर्न पाइँदैन भन्ने अवस्था संविधानले ल्याएको उनले बताए ।

नेता पौडेलले प्रेस स्वतन्त्रताका लागि जे गर्नुपर्ने भएपनि आफ्नो सधैं सहयोग हुने प्रतिवद्धता जनाएका छन् । उनले नेपाली कांग्रेस भित्र अझै पनि धेरै कुराहरु मिलाउनुपर्ने आवश्यकता रहेको औंल्याए । कांग्रेसलाई जोगाएर जनताले विश्वास गर्ने अवस्थामा पुऱ्याउन विधि र पद्धति अनुसार अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

# पाँच रुपैयाँ जरिवाना तिर्न नसक्दा प्रहरी फन्दामा

**वीरगञ्ज/रासस-** अहिलेको युगमा अदालतद्वारा तोकिएको पाँच रुपैयाँ जरिवाना तिर्न नसक्ने हैसियत भएका मानिसहरु पनि हुँदोरहेछ भनी सुन्दा अचम्म लाग्छ । तर यो सत्य हो । यस्तै घटना बारा जिल्लाको पचनौता नगरपालिकामा घटेको छ ।

कुरो २०६५ साल माघ २७ गतेको हो । पचनौता गाउँपालिका-४ गुलरिया बस्ने ६० वर्षीय नागेन्द्र महरामाथि स्थानीय नवाब ठाकुर लोहारले जिल्ला अदालत पर्सामा जालसाजी मुद्दा हालेपछि अदालतले निज महरालाई रु पाँच दण्डजरिवाना गरेको थियो तर महरा फरार भएकाले उनलाई फरार अभियुक्तको सूचीमा राखी प्रहरीचौकी बेलदारीबाट खटिएको टोलीले घरबाटै पक्राउ गरी अदालतमा उपस्थित गराएको अदालतका उपसचिव कौशलेश्वर ज्ञवालीले बताए ।

अदालतमा कायम रहेका मुद्दा नं १४३२ अनुसार महरा फरार सूचीमा रहेको देखिएकाले प्रहरीले पक्राउ गरी अदालतमा उपस्थित गराएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । अहिले बारा प्रहरीले पाँच रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना लागेका अभियुक्तलाई पक्राउ गर्ने कार्य तीव्र पारेको छ । प्रहरीले साउनयता बारा जिल्लामा फरार अभियुक्तको सूचीमा रहेका १८४ जनालाई पक्राउ गरी अदालतमा उपस्थित गराएको छ ।

पक्राउ परेकाबाट ४९ वर्ष १३८ महिना ३२३ दिन कैद सजायबापत २२ लाख सात हजार ८४४ रुपैयाँ १३ पैसा राजश्व सङ्कलन गरेको प्रहरीले जनाएको छ । प्रहरीले फरार अभियुक्तलाई धमाधम पक्राउ गर्न थालेपछि अन्य अभियुक्त आफैं अदालतमा उपस्थित हुन थालेका छन् ।

# साढे दुई किलो चरेससहित तीन जना पक्राउ



दाङ/मस- दाङमा साढे दुई किलो चरेससहित तीन जना पक्राउ परेका छन् । प्राप्त सूचनाका आधारमा उनीहरुलाई तुलसीपुर उपमहानगरपालिका-१२ शीतलपुरबाट सोमबार साँझ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक सुमित खड्काले बताए ।

पक्राउ पर्नेमा रुकुमपश्चिम मुसिकोट नगरपालिका-२ राताामाटाका २१ वर्षीय अनिल पुनमगर, रुकुमपश्चिम आठबिसकोट नगरपालिका-९ का २८ वर्षीय भीमबहादुर सार्की र मुसिकोट नगरपालिका-६ का ४० वर्षीय बहादुर बोहरा रहेका छन् । यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

चितुवाको छालासहित दुई पक्राउ

चितुवाको छालासहित दुई जना पक्राउ परेका छन् । जिप्रका दाङका अनुसार टाउकोदेखि पुच्छरसम्मको चितुवाको छालासहित दङ्गीशरण गाउँपालिका-१ का २४ वर्षीय चेतबहादुर पुन र सोही ठाउँका २४ वर्षीय सौगात घर्तीलाई पक्राउ गरिएको हो ।

चितुवाको छाला बोकी हिँडिरहेको भन्ने सूचनाका आधारमा खटिएको प्रहरी टोलीले सोमबार साँझ घोराही उपमहानगरपालिका-१४ नयाँ बसपार्कबाट उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक सुमित खड्काले बताए । उनीहरुले बोकेको झोला खानतलासी गर्दा चितुवाको छाला बरामद गरिएको छ । यस विषयमा थप अनुसन्धान भइरहेको उनको भनाइ छ ।


## मलेसियामा रोजगार | कम्पनीः CARRIER INTERNATIONAL S/B
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०६७९ LT. No.: 231098

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 45 | 0 | स. काममा दक्ष | 1200 | ३३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २३ र २४ गते (6 & 7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

HNE हृयाप्पी नेपाल इम्प्लोइमेन्ट प्रा. लि.
श्रम इजाजत पत्र नं. ८८३/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, फोनः ५९०३३६४, ५९०३३६२, ९८५११७१०३९, ९८०८३६७७४५
Web:www.happynepalemployment.com. | E-mail: cvshne@outlook.com

## मलेसियामा रोजगारको अवसर | १. कम्पनीः BENITHEM SDN. BHD.
शहरः MALAYSIA

पुर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६५४ L.T. No.: 231609

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 40 | 0 | स. काममा दक्ष | 1200 | ३३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः HONG CHENG SEAFOOD SUPPLIES SDN BHD शहरः MALAYSIA
पुर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६५८ L.T. No.: 231606

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1200 | ३३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः KILANG BERAS BUKIT PINANG SDN BHD शहरः MALAYSIA
पुर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६५५ L.T. No.: 231608

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 6 | 0 | स. काममा दक्ष | 1200 | ३३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

PEACE INTERNATIONAL PVT. LTD.
Gov. Lic No. 11/044/045
Pingalastha-9 Gaushala, Kathmandu, Tel.: 4113706, 4113707, Fax: 4113708
Email: ipeacepr@yahoo.com, Web.: www.peaceintl.com.np

## UAE & Romania मा रोजगार | १. कम्पनीः AL QADAH TRADING CO. LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०६८७ LT. No.: 232015

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stock Filler | 1 | 0 | | 800 | २४,८३० | | | | | | | |
| 3. | Stevedore | 1 | 0 | | 800 | २४,८३० | | | | | | | |
| 4. | Messenger | 1 | 0 | | 800 | २४,८३० | | | | | | | |

२. कम्पनीः WORKPOWER SRL शहरः ROMANIA
पूर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०६८८ LT. No.: 231912

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 60 | 0 | सम्बन्धित काममा दक्ष | 570 | ६४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hospitality | 10 | 0 | | 570 | ६४,९८० | | | | | | | |
| 3. | Autovechicules Services Workers | 15 | 0 | | 600 | ६८,४०० | | | | | | | |
| 4. | General Workers/ Woodworking | 15 | 0 | | 550 | ६२,७०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को निःशुल्क क.नं. २ को रु २५,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ७९०/०६५/०६६
गोंगबु-६, काठमाडौं, नेपाल, फोनः ४३८३९२३, ४३८६९९७,

## सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रूपन्देही, प्रदेश न. ५

**प्रस्तावित ल्यान्डफिल साइटको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण तथा कार्यसुची सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६/१०/१५

सैनामैना नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.व. २०७६/०७७ मा यस रुपन्देही जिल्लाको सैनामैना नगरपालिका वडा न. १०, सालझाडीमा ल्यान्डफिल साइट निर्माणको लागि आवश्यक प्रक्रिया सुरु गरेको छ । प्रस्ताव अनुसार लगभग १७७३२.५८ बर्ग मि. क्षेत्रफलमा निर्माण हुने उक्त क्षेत्रमा बायो ग्याँस प्लान्ट, भवन, लिचेट संकलन तथा प्रसोधन, गार्ड हाउस, आन्तरिक सर्भिस रोड आदि प्रमुख संरचनाहरु निर्माण हुनेछन् ।

उक्त ल्यान्डफिल साइट निर्माण सञ्चालन पुर्व वातावरण संरक्षण ऐन २०७६ को दफा ३ तथा वातावरण संरक्षण नियमावली २०५४ को नियम ३ सँग सम्बन्धित अनुसुची २ अनुसार वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) गर्नको लागि सोही ऐनको दफा ५ तथा नियमावलीको नियम ४ बमोजिम क्षेत्र निर्धारण (Scoping) तथा कार्यसुची (TOR) तयार गर्न आवश्यक देखिएकाले उक्त प्रस्तावको कार्यान्वयनबाट प्रभाव पर्न सक्ने भौतिक, जैविक, पर्यावरणीय र सामाजिक साँस्कृतिक वातावरण तथा तिनका अवयवहरु सम्भावित प्रभावहरु र तिनको निराकरण तथा न्यूनिकरणका लागि अपनाउनुपर्ने उपायहरु सम्बन्धमा सम्बन्धित सरोकारवाला ब्यक्ति र संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा राय सुझावका लागि आह्वान गरिएको छ । प्राप्त राय सुझावहरुलाई वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्रममा बिचार गरिने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**राय सुझाव पठाउने ठेगानाः**
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही, प्रदेश न. ५
फोन. ०७१-४४०५५३
इमेलः sainam सैनामैना नगरपालिका
ainamunicipality@gmail.com

## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी : CHINA PETROLEUM PIPELINE ENGINEERING COMPANY LIMITED-ABU DHABI, ABU DHABI
पुर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०६६० LT. No.: 231632

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Power Production Plant Operator/electrician | 70 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ४९,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric Mechanic/sand Blaster | 1 | 0 | | 1400 | ४३,४५५ | | | | | | | |
| 3. | Power Plant Electrician Assistant/pipe Fitter | 24 | 0 | | 1400 | ४३,४५५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Empower Human Resources Management Pvt. Ltd
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Kathmandu, Nepal, Tel.: 00977- 4488265
Mob.: 9814048923, 9819063243, 9813657032, 9808658844, 9851071436
9803592045, 9845417639, 9801402996 9851190570, 9801625801, Email: empowerhr1150@gmail.com

## मलेसियामा रोजगारको अवसर | १. कम्पनी : SENG SUN SDN.BHD.
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/१६ चलानी नं.: ६०१४९४२९ LT. No.: 230146

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 5 | 0 | स. काममा दक्ष | 1100 | ३०,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : EDGE WELL SDN. BHD. शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/०९/२० चलानी नं.: ६०१४९५५७ LT. No.: 230503

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 10 | 0 | स. काममा दक्ष | 1100 | ३०,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २२ गते (5 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SHERPA INTERNATIONAL MANPOWER CONSULTANCY PVT. LTD
Govt. Lic No.: 430/060/061
P.O. Box: 26258, Samakhusi-29, Kathmandu, Nepal, Tel: 00977-1-4390190, 4364821 (Fax)
Website: www.sherpaintl.com, E-mail: infosherpadoc@gmail.com

# आजदेखि नेकपा केन्द्रीय कमिटी बैठक



**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को दोस्रो केन्द्रीय कमिटी बैठक बुधबार (आज)बाट शुरु हुँदै छ। नेकपाको गत मङ्सिर २९ देखि पुस ६ गतेसम्म बसेको स्थायी कमिटी बैठकले एकीकरणको काम पूरा गराएसँगै केन्द्रीय कमिटीको बैठक राख्ने निर्णय गरेको थियो।

पार्टीको अन्तरिम विधान-२०७५ मा केन्द्रीय कमिटीको बैठक छ महिनामा एक पटक बस्ने व्यवस्था भए पनि डेढवर्षमा पहिलो पटक बस्न लागेको हो। विधानमा २५ प्रतिशत सदस्यले लिखित माग गरेका खण्डमा केन्द्रीय कमिटीको बैठक एक महिनाभित्र बस्नुपर्ने व्यवस्था गरिएको छ।

केन्द्रीय कमिटी बैठकमा प्रधानमन्त्री तथा अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने कार्यतालिका रहेको छ। यसैगरी विधान संशोधन, राष्ट्रिय अभियान सञ्चालन योजना र समसामयिक प्रस्ताव रहेका छन्। यसअघि पुस २३ मा बस्ने भनिएको बैठक राष्ट्रियसभाको निर्वाचन कारण सारिएको थियो।

विसं २०७५ जेठ ३ गते तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीचको एकतापछिको यो दोस्रो केन्द्रीय कमिटीको बैठक हो। पहिलो बैठकमा केन्द्रीय सदस्यलाई शपथ खुवाइएको थियो। त्यसयता बैठक हुनसकेको छैन।

बैठक आजदेखि यही माघ २० गतेसम्म चल्ने छ। बैठकमा केन्द्रीय सदस्यलाई परिचयपत्रसमेत वितरण गरिने नेकपा केन्द्रीय कार्यालय सचिव ईश्वर रिजालले जानकारी दिए।

महाधिवेशनपछिको कार्यकारी कमिटी केन्द्रीय कमिटीलाई लिने गरिन्छ। पार्टीको नीति, सिद्धान्त र योजना केन्द्रीय कमिटी बैठकले नै बनाउने गर्छ। केन्द्रीय कमिटी आगामी एकताको राष्ट्रिय महाधिवेशनसम्मका लागि पार्टीको सर्वोच्च संस्था हुनेछ भनेर विधानमा उल्लेख गरिएको छ।

बैठकमा सहभागी हुन विभिन्न जिल्लाबाट केन्द्रीय सदस्य काठमाडौं आइसकेका छन्। दुई पार्टी एकीकरण भएपछि ४४१ सदस्यीय केन्द्रीय कमिटी रहेको छ। पार्टीभित्र बैठक, भेला र सांगठनिक गतिविधि बढाउन व्यापक माग बढेका बेला बैठकले सचिवालय बैठक र स्थायी कमिटी बैठकले गरेका निर्णयलाई अनुमोदन गर्नेछ।

# चैतभित्र प्रदेश नं १ मा सुर्तीजन्य पदार्थ नियन्त्रण हुने

**विराटनगर/मस-** प्रदेश नं १ मा सुर्तीजन्य पदार्थलाई पूर्णरुपमा नियन्त्रण गर्न सामाजिक विकास मन्त्रालयले अभियान शुरुआत गरेको छ। प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा मंगलबार आयोजित कार्यक्रममा 'ब्यानर वाचन' गरी अभियानको शुभारम्भ गरे। 'सुर्तीजन्य पदार्थ होइन, स्वस्थ जीवन रोजौं' प्रमुख नाराका साथ शुरु भएको सो अभियान अन्तर्गत आगामी चैत मसान्तभित्र प्रदेशमा सुर्तीजन्य पदार्थ पूर्णरुपमा नियन्त्रण गर्ने मन्त्रालयले जनाएको छ।

सरकारी कार्यालयको १०० मिटरमा सो पदार्थ बिक्री वितरण गर्न निषेध गरिएको र यही माघ महिनाभित्रमा विराटनगर महानगरपालिका क्षेत्रभित्र पर्ने शैक्षिक संस्था, अस्पताल र सार्वजनिक स्थानमा नियम लागू गरिसक्ने महानगरपालिका प्रमुख भीम पराजुलीले जानकारी दिए। 'सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८'का प्रावधान कार्यान्वयनमा ल्याइएको छ।

सामाजिक विकासमन्त्री जीवन घिमिरेले सुर्तीजन्य पदार्थ सेवनले मानिसलाई लाभभन्दा पनि हानि बढी गर्ने भएकाले यसतर्फ सेवनकर्ता चनाखो हुनुपर्ने बताए। अभियानले प्रदेश नं १ का सबै मन्त्रालयमा सुर्तीजन्य पदार्थविरुद्धको ब्यानर टास्ने काम सम्पन्न गरेको छ।

# केयूमा सात संकायको मात्र ताला खुल्यो



**धुलिखेल/मस-** धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय(केयू)का विभिन्न सात सङ्कायमा लगाइएको ताला २८ दिनपछि खुलाइएको छ। पछिल्लोपटक गत पुस १६ गतेदेखि केन्द्रीय हाताका उपकुलपति, रजिष्ट्रार, डीन कार्यालय, परीक्षा नियन्त्रणको कार्यालय टेक्निकल ट्रेनिङ सेन्टर (टिटिसी) प्रशाकीय भवनलगायत मुख्य प्रशासनिक भवन तथा विभिन्न सङ्कायको कक्षामा तालाबन्दी भएको थियो। विश्वविद्यालयमा सञ्चालित सातै सङ्कायको कक्ष, परीक्षा नियन्त्रणको कार्यालय, टिटिसी प्रशासकीय भवनको ताला मात्रै खुलाइएको स्कुल अफ साइन्सका डीन प्रा डा कन्हैया झाले जानकारी दिए। उनका अनुसार उपकुलपति, रजिष्ट्रार र डीन कार्यालयको तालाबन्दी खुलाइएको छैन। केयू प्राध्यापक सङ्घ र कर्मचारी सङ्घले संयुक्तरुपमा विभिन्न माग राख्दै ताला लगाएको थियो।

'सोमबारको बालुवाटार भेलामा शिक्षामन्त्री ज्यूले तालाबन्दी खोल्नुस्, पठनपाठन रोक्नु भनेको अपराधजस्तै हो, केयूको समस्याबारे पछि छलफल गरौंला भनेपछि आन्दोलनरत पक्षले आज बिहान ९ बजे आंशिक्षकरुपमा मात्रै तालाबन्दी खोल्नुभयो,' उनले भने।

सोमबारको विशेष छलफलमा केयू प्रशनसनले प्राध्यापक र कर्मचारी संघका प्रतिनिधिलाई छलफलमा नराखेको र छलफलमा बसेका प्रतिनिधिलाई जबर्जस्त बाहिर पठाएको विरोधमा उपकुलपति, रजिष्ट्रार र डीन कार्यालयको तालाबन्दी नखुलाइएको सङ्घका अध्यक्ष डा वेदमणि जानकारी दिए। उनले भने, 'विशेष सभामा लगेका कार्ययोजनाबारे भएको छलफलमा हामीलाई सहभागी नगराउनु खेदजनक छ, त्यसैले हाम्रा कार्ययोजना सकारात्मक सम्बोधन नभएसम्म तीनवटा कार्यालयको तालाबन्दी खोल्दैनौं।'

यसअघि केयू प्रशासनले आन्दोलनरत पक्षलाई 'माग सम्बोधन गर्ने' आश्वासन दिंदा २१ दिनपछि ताला खुलाइएको थियो। दुई संघ गत साउन २३ गतेदेखि विभिन्न माग राख्दै पटक-पटक आन्दोलनमा छन्। विभिन्न वार्ता असफल भएपछि दुई संघले चरणबद्ध आन्दोलनको घोषणा गर्दै आएका छन्।

संघले काठमाडौं विश्वविद्यालय ऐन-२०४८ मा भएका विभेदकारी प्रावधान हटाई सम्बन्धित सबै पक्षको सभागितामा संशोधन गर्नुपर्ने, विश्वविद्यालयमा भइरहेको आर्थिक तथा नीतिगत भ्रष्टाचारको अन्त गर्नुपर्ने, प्राध्यापक तथा कर्मचारीको नियुक्ति, नियमित वृत्ति विकास जस्ता माग राखेको छ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **रोयल गण्डकी म्यानपावर प्रा.लि.** (ई.प्र.नं. १०२३) ले आफ्नो साविकको ठेगाना **का.जि.का.म.न.पा. वडा नं.** २९, लाई परिवर्तन गरी **का.जि.का.म.न.पा. वडा नं.** ०३, **मा** कायम गर्ने गरी ठेगाना परिवर्तन गर्ने माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविक ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा नवीकरण शाखामा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## मलेसियामा रोजगार
कम्पनी : WE ON ENGINEERING SDN. BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५०१२० LT. No.: 231135 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 10 | 0 | स. काममा दक्ष | 1100 | ३०,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
Govt. Lic No.: 1004/068/069
Shambhu Marga, Sinamangal-9, Kathmandu, P.O.Box: 7068, Tel.: 4485647, 4485648, 4485649, Mob.: 9813537758, 9801077091, 9801155177
E-mail: info@nrc.com.np/ Web.: www.nrc.com.np



## कतारमा रोजगारको अवसर
१. कम्पनी: TOP FOOD शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०७१२ LT. No.: 231900

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 1 | 0 | | 1100 | ३४,४४० | | | | | | | |
| 3. | Marketing Representative | 1 | 0 | | 3000 | ९३,९३० | | | | | | | |

२. कम्पनी: CRYSTAL SERVICE CAR CENTER शहर: QATAR

पुर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०७११ LT. No.: 231908

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chassis Welderc | 2 | 0 | | 1100 | ३४,४४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
साविकको नामः रिजा ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं. १४६९/०७४/०७५ बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३८
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com



## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी: GOLDEN TULIP NIHAL PALACE HOTEL LLC शहरः UAE

पुर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०६७७ LT. No.: 231587

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 15 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chamber Maid | 0 | 20 | | 1200 | ३७,२५० | | | | | | | |
| 3. | Receptionist | 0 | 10 | | 1600 | ४९,६६५ | | | | | | | |
| 4. | Cashier | 0 | 10 | | 1400 | ४३,४५५ | | | | | | | |
| 5. | Sales Assisstant | 0 | 10 | | 1800 | ५५,८७० | | | | | | | |
| 6. | Wiater | 15 | 0 | | 1200 | ३७,२५० | | | | | | | |
| 7. | Cook | 10 | 0 | | 1400 | ४३,४५५ | | | | | | | |
| 8. | Cleaner | 0 | 10 | | 1200 | ३७,२५० | | | | | | | |
| 9. | Beautician | 0 | 5 | | 1400 | ४३,४५५ | | | | | | | |
| 10. | Bell Boy | 5 | 0 | | 1200 | ३७,२५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

